# संघीय संसद

# राष्ट्रिय सभा

# पन्ध्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २८ माघ २०८०

# आइतवार

# बैठक सङ्ख्या- ३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । माननीय महेश कुमार महरा । समय ९ मिनेट । यसपछि माननीय रामचन्द्र राई ।

(१३:१० बजे) **माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी यो पन्ध्रौं अधिवेशनको तेस्रो बैठकमा उपस्थित भएका छौं । र आज मैले यो विशेष समयमा एउटा कुरा यहाँ राख्न चाहन्छु । अस्पतालहरूले यस्तो लापरवाही गरिएको छ । राज्य जिम्मेवार सम्बन्धित मन्त्रालय बेखबर बनेको छ । म एउटा दर्दनाक घटना यहाँ भन्न चाहन्छु । कैलाली जिल्लाको एउटा दलित परिवार कमला कैनी जो पाठेघरको बिरामी आएर थापाथली प्रसुति गृहमा अपरेसन गरियो । र अपरेसन गर्ने क्रममा

पिसाब नली, दुईवटै पिसाब नलीहरू काटिए । र त्यसपछि पनि २०८०/०६/२९ गते फेरि दोस्रो अपरेसन गरियो । फेरि पनि त्यो ठिक भएन र तेस्रो अपरेसनको लागि टिचिङ पठाइयो । त्यहाँ पनि सम्भव हुन सकेन । दुईटै पिसाब नलीहरू काटिसकेपछि एकदम गरिब, दलित महिला र त्यसमा पनि आफूसँग भएको जे जति थियो, त्यो खर्च लिएर उपचार गरिरहेकी छन् । दुइटै किड्नी सुनिइरहेको अवस्था छ । यस्तो अवस्थामा स्वास्थ्य मन्त्रालय बेखबर छ, सरकार बेखबर छ । कहिले सुन्छन् यी गरिब दुःखीहरूका समस्या? कहिले समाधान हुन्छ? म प्रश्न गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, पटक पटक डाक्टर अस्पतालसित चाहिँ छलफल गर्दाखेरि चाहिँ हुन्छ हुन्छ, हामी क्षतिपूर्ति दिन्छौं र उपचार गर्छौं भन्ने गर्छ भने तर व्यवहारमा जाँदाखेरि कुनै भनौं बेवास्ता गरिरहेको अवस्था छ । यस्तो बेला म गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय र सम्माननीय अध्यक्ष महोदयमार्फत सम्माननीय प्रधानमन्त्रीजीको पनि म ध्यान आकर्षण गराउन चाहन्छु । यस्ता कमजोरी किन भइरहेका छन्? त्यो सम्बन्धित स्वास्थ्य क्षेत्रमा सबै नक्कली डाक्टर भएर आएका हुन्? यो सरकारले गम्भीर हुनुपर्छ । एउटाको अपरेसन छ, अर्को पिसाब नलीहरू काटेर मान्छेलाई अकालमै जिन्दगी जीउन, मृत्युवरण गर्न विवश भइरहेका छन् । यो बारेमा चाहिँ नि सरकार गम्भीर होस् भनेर एउटा कुरा यहाँ यो राख्न चाहें ।

दोस्रो कुरोः म सुदूरपश्चिम प्रदेशबाट प्रतिनिधित्व गर्दछु । सुदूरपश्चिमको विकास समृद्धिका लागि त्यहाँका पर्यटकहरूलाई खप्तडसँग धेरै पर्यटकीय क्षेत्रहरू छन् । तिनीहरूलाई चाहिँ करिडोरको रूपमा विकास गरेर हामीले सुदूरपश्चिमको समृद्धि गर्न सक्छौं । यो बारेमा मैले यो सम्माननीय सदनमा पटक पटक कुरा उठाएको थिएँ । तर कुनै सुनवाइ भएन । त्यसो भएको कारण फेरि पनि म सम्माननीय अध्यक्ष महोदयमार्फत त्यहाँको विकास, त्यहाँको समृद्धिका लागि पर्यटक क्षेत्रलाई चाहिँ विकास गर्नका निम्ति संघीय सरकार पनि संघीय सरकारको म ध्यान आकर्षण गराउन चाहन्छु ।

त्यस्तै गरेर एउटा म दोस्रो विषय जो जयपृथ्वी जो राजमार्ग छ, त्यो बझाङदेखि ताक्लाकोटसम्म, जुन मित्र राष्ट्र चीनसँग जोडिन्छ, त्यो चाहिँ अलपत्र छ । त्यसलाई सुधार गरेर, त्यसलाई विकास गरेर हामीले ताक्लाकोटसम्म नाका खोल्यौं, चीनसँग हामीले त्यो नाका खोल्यौं भने सुदूरपश्चिम समृद्धिका लागि बाटो खुल्ने छ, त्यो ढोका खुल्ने छ । यो कुरा पनि मैले अगाडि, योभन्दा अगाडिका अधिवेशनहरूमा मैले कुरा राख्दै आएको थिएँ । र फेरि यो अधिवेशनमा पनि, आजको यो बैठकमा पनि म सम्माननीय अध्यक्षमार्फत सम्माननीय प्रधानमन्त्री र सम्बन्धित मन्त्रालयको म ध्यानाकर्षण गराउन चाहन्छु । यदि सुदूरपश्चिम, पछाडि परेको

सुदूरपश्चिम प्रदेशलाई अगाडि बढाउने हो भने त्यहाँको पर्यटक क्षेत्र, त्यहाँका चाहिँ जडीबुटी, अनि त्यहाँको चाहिँ नि भनौं सम्बन्धित नाकाहरू भारत र चीनसँग जुन नाका छन्, थप खोल्नुपर्ने त्यो खोल्न जरुरी छ । यसका निम्ति सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

र सम्माननीय अध्यक्ष महोदय, अर्को कुरा म यहाँ के राख्न चाहन्छु भने शान्ति सम्झौता, २०६३ मङ्सिर ५ गते शान्ति सम्झौता भएको थियो । अहिले पनि शान्ति सम्झौता टुङ्गिएको छैन । यो शान्ति सम्झौतालाई टुङ्ग्याउनका निमित्त TRC विधेयक आएको छ तर त्यो अलपत्र छ । अब यो कहिलेसम्म अलपत्र पर्छ, यसमा गम्भीर हुनुपर्छ । केवल यो माओवादी पार्टीको मात्र दायित्व होइन । यो दायित्व राज्यको दायित्व हो । यदि यसमा चाइने राजनीति गर्‍यौं भने हाम्रो देशको छवि के हुन्छ अन्तर्राष्ट्रिय जगतमा, यो सोच्न जरुरी छ । म राजनीतिक दलहरूलाई म अनुरोध गर्न चाहन्छु । यो दायित्व राज्यको भएको कारणले यसमा सबै गम्भीर भएर यो TRC विधेयकलाई टुङ्ग्याएर शान्ति सम्झौतालाई टुङ्ग्याउन जरुरी छ । यदि यो शान्ति सम्झौता हामीले टुङ्ग्याएनौं भने द्वन्द्वका घाउमा झन् नुन र खुर्सानी छर्किने काम हुने छ । यो द्वन्द्वका घाउहरूलाई मलमपट्टी लगाउने काम छिटो गरियोस् । सम्माननीय अध्यक्ष महोदयमार्फत म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

फेरि अर्को विषय म पटक पटक यो सम्मानित सदनमा उठाइरहेको छु । यो संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका निमित्त थुप्रै सहिद हुनुभयो । धेरै साथीहरू घाइते छन् । स्वयम् म पनि जनयुद्धको क्रममा मेरो मस्तिष्कभित्र चाहिँ 81 का ७ वटा छर्रा छन् । जसले कारण मेरो हात काम गर्दैन भने खुट्टामा ..... गोलीहरू छन् । यो मैले कुनै व्यक्तिगतका निम्ति मैले लडाइ लड्दा होइन । यही व्यवस्था ल्याउनका निमित्त लड्दै गर्दाखेरि घाइते भई म जस्तै धेरै घाइते योद्धाहरू, म त यो सम्मानित सदनमा आइपुगें । यद्यपि मजस्तै धेरै घाइते योद्धाहरू अहिले उपचार नपाएर छट्पटाइरहेको अवस्था छ । त्यो क्यान्सर भएर भनौं मृत्युवरण गरिरहेको अवस्था छ । मैले पटकपटक सम्मानित सदनमा कुरा राखें । कुनै सुनवाइ हुँदैन, यहाँ कुनै सुनवाइ हुँदैन । सत्तामा बस्दाखेरि कुनै सुनवाइ हुँदैन, सत्ताभन्दा बाहिर गएर यी घाइते योद्धाहरू सहिद परिवारको भावनालाई भनौं catch गर्नको निमित्त विभिन्न कुराहरू हाम्रा जिम्मेवार दलका नेताहरूले गरिरहन्छन् । म यहाँबाट अनुरोध गर्न चाहन्छु, तपाईंहरू सत्तामा हुँदा गरिदिएको भए सायद यो कुरा पटक पटक उठाउनु पर्दैनथ्यो । आफू सत्ता बाहिर हुँदा प्रतिपक्षमा हुँदाखेरि जनयुद्धमा घाइतेका उपचार खोइ? भनेर चाहिँ जिम्मेवार नेताहरू कराइराखेका छन् । तर तपाईंहरू सहयोग गर्नुहोस्, अब यो TRC विधेयकलाई चाहिँ टुङ्ग्याउन सहयोग गर्नुहोस् । घाइतेहरूको उपचार गर्नका निमित्त सहयोग गर्नुहोस् । यो सरकारले ती

घाइते योद्धाहरूका निमित्त उपचार खर्च र ती योद्धाहरूका निम्ति दुई लाख छुट्याएको थियो । थुप्रै त्यसका विरुद्ध नाराबाजी गरेर, अदालत गरेर त्यही पनि पूरा हुन दिएनन् । तर आफू बाहिर बस्दाखेरि फेरि त्यही कुरालाई लिएर मनोभावना हामीलाई catch गरेर अगाडि बढ्न खोजिरहेको छ । यसमा राजनीति नगरिदिनुहोला । यो कुनै माओवादीका निमित्त मात्र हामी लडेका होइनौं । यो राज्य व्यवस्था फेरेर, जुन सामन्ती निरङ्कुश राज्य व्यवस्था थियो, त्यसलाई फालेर संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नका निमित्त हामी बन्दुकसित चाहिँ तातो बन्दुकसित रातो रगत साट्न तयार भएर हामी युद्ध मैदानमा नलडिदिएको भए सायद अहिले सम्मानीय प्रधानमन्त्रीहरू यहाँ कोही हुने थिएनन् । सायद हामी पनि यहाँ भनौं यो सदनमा हुने थिएनौं । यो कुरा चाहिँ हेक्का रहोस् । सबै राजनीतिक दलहरूलाई म भन्न चाहन्छु, मेरो पार्टीको नेतृत्वदेखि सबै राजनीतिक दलहरूलाई म फेरि आग्रह गर्न चाहन्छु, घाइते, सहिद परिवार र बेपत्ता परिवारको चाहिँ पीडामाथि राजनीति नगरिदिनुहोस् । बेपत्ता परिवारको पीडा कस्तो हुन्छ, एकचोटि बेपत्ता परिवारलाई गएर तपाईंहरू सोध्नुहोस् । घाइतेहरूको पीडा कस्तो हुन्छ, ती घाइते परिवारहरूलाई सोध्नुहोस् । तपाईंहरू त्यो दौरा सुरुवाल लाएर सम्मानित सदनमा आएर चाहिँ भाषण गरेर हुँदैन, समृद्धिका कुरा गरेर हुँदैन, सुशासनका कुरा मात्र कुरा गरेर हुँदैन । सुशासन, सामाजिक न्याय र समृद्धि ल्याउने हो भने पहिलो कुरो यो व्यवस्था ल्याउनका निमित्त जस जसले बलिदान गरे, जो जो सहिद भए, जो जो घाइतेहरू छन्, जो जो बेपत्ता परिवारहरू छन्, बेपत्ता छन्, अझै पनि बेपत्ता छन् उनीहरूको खोजी गरौं, घाइतेहरूको उपचार गरौं, सहिद परिवारको सम्मान गरौं । उहाँहरूको सपना पूरा हुन्छ । तब मात्र तपाईंहरूको जिम्मेवारी पूरा हुने छ । म सम्माननीय अध्यक्ष महोदयमार्फत यो कुरा राख्न चाहन्छु ।

र अर्को कुरा के राख्न चाहन्छु भने यहाँ पटक पटक मैले कुरा राखेको छु । मन्त्रीहरू बेवास्ता गर्छन् माननीयहरूलाई । म अनुरोध गर्न चाहन्छु, तपाईं मन्त्री कसरी हुनुभएको हो? त्यो क्षेत्र, जुन क्षेत्रबाट माननीयहरू निर्वाचित भएर आउँछन्, त्यो क्षेत्रको विकासका निमित्त हामीले पटक पटक हामीले यहाँ कुरा राखेका छौं । मन्त्रीहरूसित भेट्न खोज्छौं, हामीसित भेट दिनुहुन्न । Busy, व्यस्त भनेर चाहिँ बाहिर टाङ्गिएको हुन्छ । म अनुरोध गर्न चाहन्छु माननीय मन्त्रीज्यूहरूलाई पनि तपाईंहरू यिनै सांसदहरूले बनाएका मन्त्री हुनुहुन्छ । तपाईं चाहिँ माननीय हुने बेला यिनै रोस्टममा बोल्नुहुन्थ्यो, यहाँ विकास भएन, यहाँ योजना हालेन भनेर तपाईंहरू कराउनुहुन्थ्यो । तर आज मन्त्री भइसकेपछि तपाईंहरूले के गर्नुभएको छ? एउटा माननीय बाहिर कुरिरहेको हुन्छ, एउटा भित्र चाहिँ नि कुनै अमुक व्यक्ति, दलालहरू आएर बसिरहेका

हुन्छन् । तर माननीहरूले भेट्न पाउँदैन । खबरदार म यहाँबाट के भन्न चाहन्छु भने सम्माननीय अध्यक्ष महोदयमार्फत् यदि तपाईंहरूले संसदका सदस्य माननीयज्यूहरूप्रति त्यस्तो चाइने व्यवहार गर्नुहुन्छ भने हामीले तपाईंका विरुद्ध चाइने फेरि योभन्दा कडा सदनमा त बोल्छौं बोल्छौं, हामी बाहिर मिडियाबाहिर पनि जान तयार छौं । यो कुरा म राख्न चाहन्छु र ध्यान आकर्षण गराउन चाहन्छु । सम्माननीय प्रधानमन्त्रीलाई म अध्यक्ष महोदयमार्फत् के भन्छु भने मन्त्रिपरिषद्का सदस्य, जो मन्त्रीहरू छन्, उहाँहरूलाई निर्देशन दिनुपऱ्यो । यसरी चाहिँ सुशासन कायम हुन सक्दैन, यसरी चाहिँ सामाजिक न्याय र जुन सोह्रौं पञ्चवर्षीय योजनाको सोच छ, त्यो सोच पूरा हुँदैन भन्ने कुरा राख्दै आफ्नो छोटो कुरा यहीं अन्त्य गर्छु । धन्यवाद, लालसलाम ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य रामचन्द्र राई । समय ११ मिनेट । त्यसपछि माननीय सदस्य अनिता देवकोटा ।

(१३:१९ बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, ऐमाले)**ः- सम्माननीय अध्यक्षज्यू, आज हामी जति समस्यामा छौं, भनेर भनिरहेका छौं । सुशासन भएन, भ्रष्टाचार भयो भनिरहेका छौं । सुशासन कायम गर्छु भनेर प्रधानमन्त्रीज्यूले सरकारले धेरै ..... धेरै कुरा गरेकोले संघीय निजामती ऐन आज सम्म आएको छैन । सुशासन दिनको लागि, गर्नको लागि कायम गर्नको लागि यो संघीय निजामती सेवा ऐन आज सम्म आउन सकेको छैन । सुशासन दिनको लागि गर्नको, कायम गर्नको लागि संघीय निजामती सेवा ऐन नआइरहँदाखेरि सुशासनको बाटोमा कर्मचारीहरुलाई ठिक ढङ्गले चलाउन सकिरहेको छैन । सुशासन कमजोर बन्न गइरहेको छ । जनता सेवा प्राप्त गर्नबाट विमुख भएका छन् । सरकारको गति, कामको गति, कामको गतिमा पनि यो संघीय निजामती सेवा ऐन नबनिरहँदाखेरि अवरोध पैदा भएको छ । सरकारले संघीय निजामती सेवा ऐन चाँडो ल्याओस् । र यसलाई सरकारी कामकाजका दौरानमा सहजता प्रदान गरोस् । त्यसैगरी सुशासनकै कुरा गरिरहँदाखेरि आज महालेखा परीक्षक रिक्त भएको नौ महिना बित्न लाग्यो । महालेखा परीक्षक आजका मितिमा पनि का.मु. बाट चलाइरहेको छ । हामीले सबैले सुनेका छौं । यो बेरुजुको अङ्क बढेको छ ।त्यो अङ्कभित्र एउटा असुल गर्नपर्ने बेरुजुको अङ्क पनि छ, त्यो अङ्क झन्डै २७ अर्बको हाराहारीमा छ । त्यो २७ अर्बको असुल गर्नुपर्ने बेरुजु मात्रै असुल गर्ने हो भने पनि हाम्रा विकास निर्माणका, पूर्वाधार विकास निर्माणका काममा सहयोगी हुन्थ्यो होला । पैसा भएन भनेर रोइकराई गर्न पर्दैन थियो

होला । यो काममा पनि सुशासनको बाटोमा सरकारले ध्यान दिएन भन्ने मेरो भनाइ हो । र सुशासनलाई व्यवस्थित गर्ने हो भने त्यो महालेखा परीक्षकलाई नौ नौ महिना सम्म का.मु.बाट चलाउने काम गर्दैनथ्यो । म अनुरोध गर्न चाहन्छु महालेखा परीक्षक चाँडो नियुक्त गरियोस् । महालेखा परीक्षक नियुक्त नगरिएमा अहिले संवैधानिक परिषदमा प्रतिपक्षहरूको बहुमत छ । बहुमत भएकोले गर्दा महालेखा सरकारलाई आफ्नो खल्तीको राख्नुपर्‍या छ । बहुमत प्रतिपक्षको भएकोले गर्दा के हो भने त्यो पास हुँदैन । महालेखा परीक्षक त महालेखा परीक्षक जस्तो बनाउनु पर्‍यो । त्यसो भयो भनेदेखी कसको मत बढी छ, कसको मत घटी छ हेर्नै पर्दैनथ्यो । त्यसो भएकोले सरकारको उद्देश्यमा, सरकारको नियतमा खोट छ । त्यसले गर्दा महालेखा परीक्षक आज पनि रिक्त छ । त्यसैगरी सार्वजनिक खरिद ऐन नभएकोले गर्दा, सार्वजनिक खरिद ऐनलाई संशोधन नगरेकोले गर्दा आज हाम्रा विकास निर्माणको काम र तमाम कामहरू अबरुद्ध भएका छन् । सार्वजनिक खरिद ऐनलाई संशोधन गर्न धेरै अगाडिदेखि भनेको आजसम्म पनि त्यो त्यतिकै सिंहदरबार भित्र कुन कुनामा कहाँ लुकेर बसेको छ, थाहा छैन । त्यो ऐनको कमीको कारणले गर्दा थुप्रै कुराहरू काम गर्न गाह्रो भएको छ । हिजो जतिखेर हल्काराले पत्र बोकेर एउटा जिल्लाबाट अर्को जिल्लासम्म हिँडेर पुग्नुपर्थ्यो । त्यतिखेर सार्वजनिक ऐन त्यतिखेर काम लाग्थ्यो होला, चल्थ्यो होला ।

अब एक click गर्दाखेरि विश्वभरी त्यो सूचना प्रवाह हुन्छ । अहिले पनि त्यही ३५ दिन सूचना र अरु धेरै त्यसका चाहिँ गलत प्रावधानहरुले गर्दा कामलाई चुस्त दुरुस्त गराउन सकिरहेका छैन । त्यसो भए सार्वजनिक खरिद ऐन त्यसैगरी रोक्नको पछाडि सरकारको के नियत छ? के उद्देश्य छ? किन रोकिरहेको छ? जसका कारणले बाधा छ भनिसकेपछि समस्या थाहा भएपछि समाधानको लागि जान सकिन्छ । कि समस्या थाहा नभएदेखि भिन्नै कुरो हो । समस्या थाहा नभए हामीले भन्यौं सार्वजनिक खरिद ऐनका कारण विकासका काममा बाधा परेको छ । यसलाई चाँडो ल्याएर काममा सहजता दियोस् । थाहा नभएदेखि, यदि समस्या थाहा छ भने समाधानको बाटो, समस्या भएपछि त समाधान पनि हुन्छ । त्यसैगरी आज अर्थतन्त्रमा मन्दी आएको छ भनेको छ । सुरुमा बजेट आउदाँखेरि नै अर्थतन्त्रको लय अब गतिमा फर्किदै छ, लय लिदैं छ भनेर सरकारले भनेको थियो । आजका मितिमा पनि अर्थतन्त्र गतिमा, अर्थतन्त्र मन्दीमा छ भनेर भनिएको छ साँच्चै हो । आज बजारहरू बन्द भइरहेका छ । सटरहरू बन्द भएका छन्, मलहरू बन्द भएका छन् । क्रय क्षमता छैन । मात्रै यही होइन, उद्योगको उत्पादन गर्ने क्षमता ह्रास भएको छ । र त्यो उद्योगको उत्पादन गर्ने क्षमता ३७% ले ह्रास भएको छ । क्रेता नभए पछि उत्पादन हुँदैन । त्यसो भए अर्थतन्त्रको मन्दी भएको

बेलामा सरकारले पुँजीगत खर्च बढाउन पर्छ, खर्च बढाउनु पर्छ र बजारमा तरलता दिनुपर्छ । तर नेपाल सरकार त्यसो गर्दैन । गर्छ के हाम्रो total बजेट volume १७९३ अघिल्लो वर्षको, यो वर्ष १७५१ । यसको अर्थ ४२ अर्ब रुपैयाँ बजेटमा थोरै सानो बजेट आयो । तर पुँजीगत विकासको बजेटमा मात्रै ७८ अर्ब रुपैयाँ कटौती गर्‍यो । यसले देखिन्छ सरकार के गर्न चाहन्छ? कसरी अर्थतन्त्रलाई चलाउन चाहन्छ? अर्थतन्त्र, अर्थतन्त्रमा मन्दी आउँदाखेरि खर्चको खर्च बढाउने र खर्च बढाएर त्यसलाई लयमा ल्याउनका लागि प्रयास पुनः स्थापना गर्नको लागि प्रयास गर्नुपर्छ त्यो गरिरहेको देखिँदैन । म सरकारसित आग्रह गर्न चाहन्छु, यो बाटोमा सरकार हिँडोस्, मेरो अनुरोध छ । आज भ्रष्टाचार व्याप्त छ, हामी सबैले भनिरहेका छौं । प्रक्रियामा नै यस्तो झन्झटिलो छ, झन्झटिलो प्रक्रियाले गर्दाखेरि भ्रष्टाचार बेसरी मौलाएको छ ।

आज एउटा सेवाग्राही कुनै कार्यालयमा जानुस्, सरकारी कुनै अड्डामा जानुस्, अर्को सहयोगी नभएसम्म उनले सेवा प्राप्त गर्न सक्दैन । अर्को सहयोगी सँगसँगै लिएर उसले सेवा पाउँछ, पाउँन सक्छ, हैन भने टेवुल मुनिबाट केही नजराना दिए पछि उसको काम हुन्छ । भ्रष्टाचार एकदम झाङ्गिएको छ । त्यसो भएकोले झन्झटिलो प्रक्रियाको कारणले पनि यो भ्रष्टाचार मौलाएको छ भन्ने मेरो भनाइ हो । र यो सँगसँगै हामी सबैले सुनेका छौं । सुन तस्करी भयो, ललिता निवास जग्गा प्रकरण भयो, त्यसपछि नक्कली भुटानी शरणार्थी यो तीनवटै प्रक्रियामा नक्कली भुटानी शरणार्थी प्रक्रियामा त्यो काण्डमा दुईजना शक्तिशाली मान्छेहरूको नाम जोडिएपछि यो मथ्थर हुँदैगयो । ललितानिवास खोजविन राम्रै गरिएको थियो सरकारले, हामीले धन्यवाद पनि भनेका थयौं । तर त्यसमा पनि दुई जना ठुला प्राविधिक व्यक्तित्व र एउटा प्रशासनिक पूर्व प्रशासनिक व्यक्तित्वको नाम जोडिएपछि त्यो पनि narrow down भइसक्यो । CBI लाई चाँडो report बुझाउ भनेर report complete हुन दिएन । त्यसैगरी सुनकाण्डमा बेसरी कोकोहोलो मच्चाइयो यही सुनियो सरकार स्टन्टबाजी गर्छ, मन्त्रीहरू स्टन्टबाजी गर्छ भन्ने पनि सुनियो । साँच्चै स्टन्टबाजी मात्रै गरिएको रहेछ भने देखिन्छ । जब त्यहाँ सत्ताधारी दलकै केही मान्छेको नाम केही व्यक्तिहरूको नाम मुछियो त्यसपछि त्यो पनि सेलाएर गयो । के साँच्चै सरकारले यसो भएपछि सरकारले, मन्त्रीहरूले सरकारका मन्त्रीहरूले यहीले स्टन्टबाजी मात्रै त गर्दैछैन, यो प्रमाणित हुँदैन त्यसो भएको हुनाले हामी अनुरोध गर्न चाहन्छौं ।

सरकारलाई सजग हुन भन्छौं, कि स्टन्टबाजी मात्रै नगरियोस् । साँच्चै जनतालाई सेवा प्रवाह गर्ने गरी जनताको चासो अपेक्षा र पूरा गर्ने गरी यो सरकार सुविचारित भएर लागोस्, म अनुरोध गर्न चाहन्छु । यो अब हामीले संविधानले नै के भन्यो भन्दा समाजवादप्रति प्रतिबद्ध भई समृद्ध राष्ट्र निर्माण गर्ने भनेर संविधानले नै भन्यो । के साँच्चै अहिलेको गतिले यो सरकारले

समाजवादतिर लैजान्छ? वस्तु र सेवा प्रवाह गर्ने मामलामा सरकारको नियन्त्रण सरकारबाट वस्तु र सेवा नागरिकलाई उपलब्ध गराइयो भने त्यो प्रणाली समाजवादतिर सङ्क्रमण गर्छ । वस्तु र सेवा निजी मान्छेको, निजी क्षेत्रलाई जिम्मा दियो भने त्यो आर्थिक प्रणाली पुँजीवादतिर जान्छ । आज के भइरहेको छ भन्दा यसले वस्तु र सेवा सरकारले उपलब्ध गराउन सकिरहेको छैन । यसले भन्छ निजी क्षेत्रलाई गर्नुपर्छ भने भन्छ । के हाम्रो नेपालको निजी क्षेत्र त्यो हिसावले विकास भइसकेको छ, सक्षम भइसकेको छ? सक्षम छैन भने त्यसलाई सक्षम बनाउनको लागि सरकारले कुनै नीति ल्याएको छ? छैन भने त्यो आधारमा सक्षम बनाउने क्षमता विकास गर्न पर्‍यो निजी क्षेत्रको हैन भने सरकारले साँच्चै समाजवादतिर जाने हो भने साँच्चै वस्तु र सेवाको उपलब्धता सरकारबाट गर्नुपर्‍यो । यस्तो नगर्दाखेरि निजी क्षेत्र सक्षम भएका छैनन् । सरकारले गर्दैन, त्यसोभए सरकारको नीति के हो भन्दा न हाँसको चाल न कुखुराको चाल हुने भयो । त्यसैगरी यसले उद्योग प्रतिष्ठानहरू निजीकरण अस्ति नै गर्‍यो ।

अहिले पनि त्यो ठाउँमै छ, त्यही ठाउँमै छ । हामीले हेरिरहेका छौं, उद्योग प्रतिष्ठानहरू निजीकरण भए यसका केही उदाहरणहरू भनौं बाँसवारी छाला जुत्ता कारखाना, भृकुटी कागज कारखाना, हरिसिद्धि टायल कारखाना यी तीनटा चाहिँ अलि उदाहरण दिन लायकका उद्योगहरु हुन । जसका जमिन निजीकरण गरियो र जमिन केही बिचौलियाहरूले केही सेटिङ्गमा बेच्यो र राज्यलाई टाट पल्टाउने काम गर्‍यो । हामीले हेरिरहेका छौं अस्ति भर्खरै बाँसबारी छाला जुत्ता कारखानाको कुरा कुनै एउटा पहुँचवाला मान्छेको भएकोले गर्दा उसको उसले मुद्दा पनि खेप्न परेन । उसले उन्मुक्ति पायो । चोरेकोले चोर म चोरेको हुँ भनेर भनिसकेपछि त उनले त दण्डित गर्नुपर्छ । उसलाई अकारण छोड्ने काम भयो । सरकार कुन गतिमा छ भने कुरा यसले देखाउँदैन र? त्यसो भएकोले हाम्रा आग्रह छ, अनुरोध छ । सरकारले सहि दिशा पकडोस्।जनताको अपेक्षा पुरा गर्न सकोस् । मुलुकलाई समृद्ध राष्ट्र बनाउन लागोस् । साँच्चै समाजवाद उन्मुख हुने हो नेपाल भने संविधानमा घोषणा गरे जस्तो, संविधानमा लेखे जस्तो लिपिबद्ध गरे जस्तै ढङ्गले संविधानलाई शिरमा राखेर काम गर्न सकोस् । हैन भने यसको ताल हाँसको चाल न कुखुराको चाल हुन्छ । मैले आफ्ना कुरा टुङ्ग्याएँ, हवस् धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय अनिटा देवकोटा । समय ८ मिनेट । त्यसपछि माननीय उदय बहादुर बोहरा ।

**(१३:३० बजे)** **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाको ध्यान दाङ नेपाल संस्कृत विश्वविद्यालयतर्फ आकृष्ट गर्न चाहन्छु । एसियाकै ठुलो उपत्यकाको रूपमा रहेको दाङ जिल्ला शैक्षिक हब बनाउने उद्देश्य लिएर संस्कृत शिक्षाको विकास र विस्तारका लागि विक्रम संवत् २०१० सालमा सञ्चालित भूमिदान अभियानबाट मजगैया परिवारले ५६ घरपरिवारबाट १२ सय विगहा जग्गा दान भएको थियो । जसमा २ सय विगहा हाम्रो परिवारबाट दान भएको कुरा यहाँहरूसमक्ष निवेदन गर्न चाहन्छु । दाङ देउखुरीको जग्गा आम्दानीबाट जनता संस्कृत माध्यमिक विद्यालय, जनता महाविद्यालय, सुदेयरामेश्वर शिवालय सञ्चालन भयो नेपाल सरकारबाट सहयोग प्राप्त नगर्दासम्म दाङ देउखुरीकै आयस्ताबाट उक्त संस्थाहरू सञ्चालनमा आए ।

विक्रम संवत् २०४३ मा तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय स्थापना भएपछि महाविद्यालयको नाममा रहेको जग्गा नामसारी भयो र उक्त विश्वविद्यालयमा रहेको ४०८ जग्गामा मोही रहेको थियो । मोही ऐनसम्बन्धी कानुनबाट मोहीको समस्यालाई समाधान गर्नको लागि विश्वविद्यालयले पटक पटक विश्वविद्यालयको सभामा ध्यानाकृष्ट गरेको, सभामा यो समस्यालाई समाधान गरिनुपर्छ भनेर जोडदारका रूपमा राखेको कुरा यहाँहरू सबैलाई सर्वविदितै छ । प्रधानमन्त्रीज्यूलाई भेटेर पनि यो कुराहरूलाई समस्या समाधान गर्नको लागि लागिरहेको कुरा यहाँहरू सबैलाई अवगत नै छ । २०५८ सालमा नेकपा माओवादीले सशस्त्र द्वन्द्वको बेला यो संस्कृत विश्वविद्यालय नेपाल संस्कृत विश्वविद्यालयको जग्गा जुन दाङ देउखुरीमा अवस्थित छ त्यहाँ नेकपा माओवादीको झन्डा गाडेर कब्जामा लियो । त्यो जग्गा अहिले पनि नेपाल संस्कृत विश्वविद्यालयले भोग चलन गर्न पाएको छैन । आजका दिनसम्म पनि आम्दानी नेपाल संस्कृत विश्वविद्यालयले लिन पाएको छैन । म निवेदन गर्न चाहन्छु । म त्यस क्षेत्रको जनप्रतिनिधि पनि हो र म विश्वविद्यालयको सभाको सदस्य पनि हो । म जग्गादाता पनि हो त्यसैले म आग्रह गर्न चाहन्छु सशस्त्र विद्रोहको नेतृत्वकर्ता अहिलेका प्रधानमन्त्री पुष्पकमल दाहाल हुनुहुन्छ, शान्ति प्रक्रियाको हस्ताक्षरकर्ता पनि वहाँ हुनुहुन् छ, नेपाल संस्कृत विश्वविद्यालयको कुलपति पनि वहाँ हुनुहुन्छ, तर समस्या न्यूँ का त्यूँ छ । अहिले पनि नेपाल संस्कृत विश्वविद्यालयले आफ्नो जग्गा उपयोग र उपभोग गर्न पाएको छैन । नेपाल संस्कृत विश्वविद्यालयको कुलपति रहेका त्यतिखेर सशस्त्र द्वन्द्वको नेतृत्व गर्ने शान्ति प्रक्रियाका हस्ताक्षर र अहिलेका प्रधानमन्त्री पुष्पकमल दाहाललाई यो समस्या समाधान गर्नको लागि केले अप्ठ्यारो पारेको छ सम्माननीय सभा अध्यक्षज्यू? त्यसैले यो समस्यालाई समयमै समाधान गरेर संस्कृत विश्वविद्यालयको हामी जग्गादाताहरूको अभिप्राय दाङलाई शैक्षिक हबका रूपमा संस्कृत वाङ्मयलाई विकास गर्नेका

रूपमा जुन जग्गा शुद्ध अत्यन्त पवित्र मनले प्रदान गरेको जग्गा आज बलका आधारमा कानुन मिचेर हडप्दा पनि सरकार किन मौन रहन्छ? त्यसैले सम्माननीय सभाका माध्यमबाट त्यो समस्यालाई समाधान गर्न म नेपाल सरकारलाई आग्रह गर्न चाहन्छु । अहिलेका प्रधानमन्त्री पुष्पकमल दाहाललाई म आग्रह गर्न चाहन्छु । सहज रूपमा नेपाल संस्कृत विश्वविद्यालयले आफ्नो जग्गा उपयोग र उपभोग गर्ने वातावरण तत्काल यथाशीघ्र मिलाइयोस् भनेर म आग्रह गर्न चाहन्छु । विश्वविद्यालयले सञ्चालन गरेको आयुर्वेद चिकित्सासम्बन्धी शिक्षण कार्यका लागि कुनै दरबन्दी छैन । सोको लागि छुट्टै कुनै बजेट पनि विनियोजनको व्यवस्था गरिएको छैन । विश्वविद्यालय नेपालमै पहिलोपटक प्राकृतिक चिकित्साको अध्ययन अध्यापनको लागि दरबन्दी सञ्चालन खर्च र भौतिक पूर्वाधारको लागि बजेट व्यवस्थापन हुन नसकेकोले त्यतातर्फ सम्बन्धित निकायको म ध्यानाकर्षण गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, आ.व. २०८०/०८१ मा पुँजीगत बजेट विश्वविद्यालयलाई जम्मा ६ करोड बजेट विनियोजन गरिएको छ । त्यसमध्ये सरकारले १ करोड ५० लाख वाल्मिकी क्याम्पसलाई छुट्याएको छ । त्यसै गरी ३ करोड प्राकृतिक चिकित्साको भवन निर्माणको लागि निरन्तरता दिने भनेर राखेको छ । त्यसै गरी १ करोड वास्तु इन्जिनियरिङको लागि राखेको छ । यसरी गर्दा जम्मा बच्यो ५० लाख बाँकी ५० लाखले विश्वविद्यालयले २६ ओटा अङ्गा निकायमा कसरी काम गर्न सक्छ? म सरकारसँग सम्बन्धित निकायसँगको ध्यानाकर्षण गराउन चाहन्छु । त्यसैले दाङलाई शैक्षिक हबका रूपमा निर्माण गर्ने दाङको सपनालाई तुषारापात हुन नदिनको लागि यथोचित बजेटको व्यवस्थापन होस् र संस्कृत विश्वविद्यालयको जुन जग्गादाताहरूले दे'को जमिनमा समस्या रहेको छ त्यो समस्या समयमै समाधान होस् भनेर म आग्रह गर्न चाहन्छु । यसै गरी सम्माननीय अध्यक्षज्यू, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रजिष्ट्रार र रेक्टरको लामो समय भइसक्दा पनि नियुक्त हुन सकेको छैन । प्रतिष्ठानका प्रत्येक प्रतिष्ठानपिच्छे ऐनहरू निर्माण गर्नुभन्दा पनि छाता ऐन आवश्यक रहेको कुरा म निवेदन गर्न चाहन्छु ।

त्यसै गरी लुम्बिनी प्रदेशको राजधानी दाङमा एयरपोर्ट छैन । एयरपोर्टको लागि पनि टरिगाउँलाई स्तर उन्नति गरियोस् भनेर म आग्रह गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, नवनियुक्त महासचिवज्यूलाई हार्दिक बधाई दिन चाहन्छु । एक तिहाइ सदस्य आउनुभएको छ । वहाँहरूको कार्यकालको सफल कार्यकालको कामना गर्न चाहन्छु । म आज राष्ट्रिय सभामा उभिएर बोल्दै गर्दा सम्माननीय अध्यक्षज्यू म भावुक भएकी छु । यही माघ १३ गते म यो रोस्टममा उभिएर बोल्दै गर्दा टीभी हेरेर खुसी हुने मेरो

ममतामयी आमा माघ १३ गते महाप्रस्थान गर्नुभएको छ । आज मेरो खुसी हुने मान्छे हराएको छ । त्यसैले यस दुःखद् घडीमा १३ औँ संस्कारमा बसिरहँदा आमाको उ मा सायुज्यता को कामना गर्ने हाम्रो परिवारलाई समवेदना दिनको लागि घरसम्म पुगेर हामीलाई प्रोत्साहित गर्ने राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, उपाध्यक्षज्यू, उपप्रधानमन्त्रीज्यू, मन्त्रीज्यू, राज्य मन्त्रीज्यू, राष्ट्रिय सभाका सचिवज्यू, राष्ट्रिय सभाका दलका नेता, सांसदज्यूहरू, समितिका सभापतिज्यूहरू सबै सबैलाई म हार्दिक आभार, कृतज्ञता र धन्यवाद दिन चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः**- माननीय उदय बहादुर बोहरा । समय १२ मिनेट । त्यसपछि माननीय मोहम्मद खालिद ।

**(१३:३९ बजे) माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म एक तिहाइ जो माननीय सदस्यहरू निर्वाचित हुनुभ'को छ राष्ट्रिय सभामा विभिन्न प्रदेशबाट, उहाँहरूलाई बधाई दिन चाहन्छु । र संघीय संसदमा महासचिवज्यू, नवनियुक्त महासचिवज्यू, उहाँको पूर्ण कार्यकालको म सफलताको कामना गर्दछु ।

र आज राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशन चलिरहँदा मैले पश्चिम नेपालमा कार्तिक १७ गते, विगत कार्तिक १७ गते ९:४५ बजे गएको महाभूकम्पले जाजरकोट, पश्चिम रुकुम, सल्यानलगायत पश्चिमतिरका केही जिल्लाहरूमा ठुलो धनजनको क्षति भयो । त्यसको लागि दुःख व्यक्त गर्न चाहन्छु । र अहिले पनि भूकम्पबाट जो प्रताडित वृद्धवृद्धाहरू, गर्भवती महिलाहरू, स-साना बालबच्चाहरू, पढ्ने विद्यार्थीहरू, अहिले पनि त्यहाँ राहत पुग्न सकेको छैन । यो हिउँदको कठ्याङ्ग्रिएको जाडोले, यी चिसोले गर्दा त्यहाँका अधिकाङ्श मानिसहरू निमोनियालगायतका रोगहरूबाट लडिरहेका छन्, ग्रस्त भइरहेका छन् । त्यसो भएको हुनाले म सम्माननीय अध्यक्षज्यूमार्फत् नेपाल सरकारलाई नेपाल सरकारको त्यतातिर ध्यान जाओस् र जुन पुगेको राहत हो, त्यो राहत पनि समानुपातिक तौरतरिकाबाट वितरण भएन भन्ने गुनासो आइराखेको छ । त्यो राहत पनि समानुपातिक तरिकाले वितरण होस् । म यो सरकारलाई आह्वान गर्न चाहन्छु ।

अध्यक्षज्यू, हाम्रो देशमा जहिले पनि एकपछि अर्को यहाँ सुशासनका कुराहरू होइन, जहिले पनि भ्रष्टाचार, तस्करी, माफियातन्त्रका समाचारहरूले मिडिया कभर गर्छ । यो लाजमर्दो,

बिहान उठेर सरसर्ती हेऱ्यो विभिन्न पत्रपत्रिकाहरू, त्यसमा पहिलो पृष्ठमै ठुला ठुला अक्षरले विभिन्न घटनाहरू जो राष्ट्रिय लज्जाका विषयहरू, ती विषयहरू पढ्न पाइन्छ । त्यसो भएको हुनाले यसमा अझ दुःख लाग्दो कुरो त के हो भने उद्योग व्यवसायीहरू जसलाई हामी व्यापारिक घराना भन्छौं, उनीहरूको राष्ट्रिय अर्थतन्त्रमा ठुलो भूमिका रहन्छ । साँच्चिकै भन्ने हो भने हामी छिमेकी देश भारतमा रतन टाटा, जसलाई उद्योगपतिहरूको रत्नको रूपमा चाहिँ सम्मान गरिन्छ, मानिन्छ । जसले ९ लाख त्यहाँका रोजगारदाताहरूलाई रोजगारी दिएको छ । बेरोजगारहरूलाई रोजगार दिएको छ । तर हामीकहाँ दुर्भाग्य, हामीकहाँका उद्योग व्यापारीहरू सरकारी जग्गा विभिन्न सेटिङमा हडप्ने, चाहे त्यो गिरिबन्धु टि स्टेट होस् सर्वोच्च अदालतले फैसला गरेको छ ३४३ बिघा १९ कठ्ठा १२ धुर, यो विषयमा चर्चा हुँदैन । त्योभन्दा पहिला पनि ४०-५० बिघा कता बिक्री भयो भन्ने कुरा पनि आइराख्या छ ।

त्यस्तै भर्खरै बाँसबारी छाला जुत्ता कारखानाको जग्गा र हाम्रा देशका सबै व्यापारी जो औद्योगिक घरानाहरू हुन्, उनीहरूको काम सरकारी जग्गा सेटिङमा हडप्ने, सुन तस्करी गर्ने, पोस्ता दाना तस्करी गर्ने, सुपारी तस्करी गर्ने, सबै तस्करै तस्कर । यहाँ कुनै उद्योग धन्दालाई टेवा पुऱ्याउँ, यसलाई बृहत् तरिकाले फैलाउँ र राष्ट्रलाई चाहिँ हामी केही contribution गरौं भन्ने उहाँहरूमा मनसाय चाहिँ देखिँदैन । र यसलाई, यसलाई पालनपोषण पर्दा पछाडिबाट राजनीतिक दलका ठुला लिडरहरूले गरिरहेको घाम जत्तिकै छर्लङ्ग छ । यसलाई कसैले लुकाएर लुक्दैन । रोस्टममा आएर सरकारले के गऱ्यो? र हिजो सरकारमा भएकाले के गरे? त्यो समेतको विश्लेषण हुनुपर्छ, आजको कुराहरू मात्रै होइन । त्यसो भएको हुनाले मैले अघिनै भनें, यहाँहरूलाई निवेदन गरें, आज त्यो उद्योगपतिहरूले विद्युत्को लाइन काट्दिन्छ । करोडौं होइन अरबौंको उनीहरूले उद्योगधन्दा चलाउँछन्, कर तिर्दैनन् । कर तिर्न नपर्ने उद्योगधन्दा चलाउनुपर्ने तर राज्यलाई विद्युत्को कर महसुल तिर्न नपर्ने । लाइन काटिनेबित्तिकै उनीहरू बुढानीलकण्ठ जान्छन्, बिन्तिपत्र हाल्न, बालकोट जान्छन् बिन्तिपत्र हाल्न, अनि त्यहाँको तथास्तु आशीर्वाद प्राप्त गर्छन्, उनले तिर्न पर्दैन, लाइन जोडिन्छ । लाइन कसको काटिन्छ? कर कसले तिर्नुपर्छ? जसले १२ रुपैयाँ, १३ रुपैयाँ युनिट बत्ती जसले बाल्छ तल, उसले एक महिनाको मात्रै उसले महसुल तिरेन भने उसको लाइन काटिन्छ । कारबाही त्यसैलाई हुन्छ । त्यति मात्रै होइन, यहाँ अहिले पनि २४ वटा कमर्सियल बैङ्कहरू, नेपालमा २४ वटा कमर्सियल बैङ्कहरू, जो औद्योगिक घराना भन्छौं, उनीहरूको कब्जामा छ । उनीहरूले २ खर्ब, २ खर्ब सरकारलाई कर तिर्नुपर्छ र उनीहरू पनि तिर्दैनन् । त्योमध्येमा केही एभरेस्ट बैङ्कलगायतकाले पनि कर तिर्न मञ्जुर हुन्छन् । २/३ वटा बैङ्कलाई पनि कर तिर्न उनीहरूले दिँदैनन्, अरूले दिँदैनन् । र मैले

सुन्ने गरेको छु कि अब यी बैङ्कर्सहरूले पैसा उठाएर कति कति तपाईंको चाहिँ नि लाख, करोड कति उठाउने हो? यी सबैले चाहिँ नि पैसा उठाएर कुन ठाउँमा जाने हुन् यिनीहरू? यो मिनाहा गराउनेतिर उनीहरूलाई लागिरहेका छन् । यसरी देश चल्छ? सरकार मौन छ । अनि हामी राजनीतिक दलका एउटालाई अर्कोले औंला, यसो औंलो गर्दा अरू औंला हामीसँग आउँछन् भन्ने चिज हामीलाई चाहिँ थाहा छैन । हामी त्यसको हेक्का राख्दैनौं ।

आज राष्ट्रिय गौरवका आयोजनाहरू अलपत्र परिरहेका छन् । Fast track जो काठमाडौं एउटा राजधानीको लागि असाध्यै महत्वपूर्ण हो । १३ वर्षसम्ममा आज fast track अहिले पनि कछुवाको गतिमा छ । यदि त्यो fast track तयार भएपछि ८४ अर्ब, एक वर्षमा ८४ अर्ब ढुवानी बच्छ । त्यसले काठमाडौंमा बसोबास गर्ने, यो भ्यालीमा बसोबास गर्ने र यसका वरपरका जिल्लामा बसोबास गर्ने जनताहरू लाभान्वित हुन्छन् । र उनीहरूले सस्तोमा, त्यो ढुवानी कम भएबापत उनीहरूले सस्तोमा विभिन्न वस्तुहरू उनीहरूले खरिद्न पाउँछन् । यतातिर हाम्रो ध्यान गएको छैन । त्यसो भएको हुनाले मलाई के लाग्छ भने यो सबै राजनीतिक दल जबसम्म हामी कसका लागि, देशका लागि गर्ने, हाम्रा लागि होइन, देशका लागि पार्टीभन्दा माथि उठेर जबसम्म उनीहरू अगाडि बढ्दैनन् तबसम्म यो समस्या समाधान हुँदैन ।

विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय, एउटा राष्ट्रिय स्तरमा अन्तर्राष्ट्रिय विमानस्थलका अहिले त एउटा ठुलो अहिले दाङमा पनि अन्तर्राष्ट्रिय अघिनै माननीयज्यूले, मभन्दा अगाडिको माननीयज्यूले कुरा उठाउनुभयो । भइरहेको टरिगाउँ एयरपोर्ट त्यसलाई extension नगर्ने, अर्को अन्तर्राष्ट्रिय विमानस्थल त्यहाँ चाहियो । हामीसँग अहिले विमानस्थल सबै ५६ वटा विमानस्थल, यो नेपालमा ५६ वटा विमानस्थल हुन् । ५६ वटा विमानस्थलमा नियमित सञ्चालन अहिले ८ वटा मात्रै भएका छन् । र ४१ वटा सामान्य सञ्चालनमा छन् । कहिले चल्छन्, कहिले चल्दैन । १५ वटा विमानस्थल बन्दछन् टोटल रूपमा । र ४ वटा विमानस्थल मात्रै फाइदामा छन् । पोखरामा विमानस्थल बन्नु राम्रो कुरा हो । तर हामी उदाहरणको लागि भनौं पोखराको विमानस्थलले अहिले हामीले Exim बैङ्कलाई २२ अर्बमा जुन बनेको हो । र त्यो २२ अर्बको ३३ करोड ऋण, त्यो २२ अर्ब ऋणको ३३ करोड ब्याज मात्रै हामीले सालाना लाई बुझाउनुपर्छ । यति बुझाउँदै गयो भनेदेखि लाई हामी कहाँ पुग्छौं?

त्यसो भएको हुनाले अन्त्यमा म के भन्न चाहन्छु भनेदेखि लाई यो शान्ति प्रक्रिया अनमिन गइसकेको धेरै भइसक्यो । शान्ति प्रक्रिया अहिले पनि कुन ठाउँमा छ? शान्ति प्रक्रिया अहिले पनि भजाइ खाने भाँडो भएको छ, बार्गेनिङको पोइन्ट भएको छ । यो शान्ति प्रक्रियालाई बार्गेनिङको पोइन्ट गराइनुहुन्न, भजाइ खाने पोइन्ट गराइनुहुन्न । यसलाई तार्किक निष्कर्षमा

पुग्न म सबैलाई जानकारी आह्वान गर्दछु । र सम्बन्धित सबैलाई यो शान्ति प्रक्रियालाई छिटोभन्दा छिटो तार्किक निष्कर्षमा पुऱ्याउनुपर्छ । यति भन्दै म मेरा आफ्ना भनाइहरू यहीं अन्त्य गर्छु धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय मोहम्मद खालिद । समय ५ मिनेट । त्यसपछि माननीय डाक्टर विमला राई पौडयाल ।

(१३:५२ बजे) **<u>माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)</u>**ः- सम्माननीय अध्यक्षज्यू, हाम्रो संविधानको धारा ६ मा देशमा बोलिने सबै भाषालाई अङ्गालिसक्या छ । र त्यसलाई राष्ट्रिय भाषा भनिएको छ । राष्ट्रिय सभा नियमावलीको परिच्छेद २२८ को २२० मा पनि यो आशय आएको छ कि राज्यले बहुभाषिक नीति लिइसकेको छ, अङ्गालिसकेका छ । हुन त २०४६ का परिवर्तन पछि पनि हामीले अलिअलि अरु भाषा प्रतिको सकारात्मक क्रियाहरु हेरेका थियौं । तर गणतन्त्र आएपछि र यो कुरा संविधानमा पनि लिपिबद्ध भइसकेपछि, त्यसको अनुभूति हुन सकेन । यी भाषाहरू मध्ये एउटा, एउटा भाषा उर्दू पनि छन्, हिन्दी पनि छन्, मैथिली र भोजपुरी पनि छन्, अरु होलान् । २०५३ मा रेडियो नेपालले उर्दू भाषामा समाचार प्रसारण आरम्भ गरेको थियो । हाल आएर संघीयता आइसकेपछि त्यो संघबाट प्रसारण हुनुको सट्टा बागमती प्रदेशबाट भइरहेको छ । जवकी यो भाषा बोलिने देशभरी नै फैलिएका छन् । दुई प्रतिशतको हाराहारीमा उर्दू भाषा बोलिने यहाँको तथ्याङ्कमा आएको छ । यो भाषासँग विडम्बना के भएको छ भने यो भाषालाई एउटा समुदाय विशेषसँग जोडिएको छ । भन्दाखेरि मुस्लिम समुदायसँग जोडिएको छ, जब कि यस्तो छैन ।

यो south Asia को महत्वपूर्ण भाषाहरू मध्ये एउटा भाषा छ । यो भाषाका आदरणीय व्यक्तिहरू मध्ये यदि हामी गालीब, जौख, दाग, मुसफी, एकवाल, फैज अहमद फैज, अहमद फराज र अन्यका नाम सुन्छौं भने पण्डित वृद्धनारायण चकवस्त, आनन्द नारायण मुल्ला, प्रोफेसर जगन्नाथ आजाद, रघुपति साहाय, फिराग गोरखपुरी, गोपिचन्द नारङ्ग, राम प्रसाद विसमिल्ल, कृष्ण बिहारी नुर जस्ता सायर कवि र लेखकहरूका नाम हामीले सुन्ने गर्छौं । र उहाँका कृतिहरु हाम्रो अगाडि हुन्छन् । रेडियो नेपालमा अहिलेसम्म दुईजना करारमा काम गरिरहेका छन् । त्यहाँ दरबन्दी पनि छैन । बीस, बाइस वर्ष काम गरेर जाने बेलामा उनीहरूको हातमा शून्य आउँछ अरु केही पनि आउँदैन । जबकि उनीहरूकै अगाडि अरु भाषामा काम गर्ने साथीहरू सबै सेवा सुविधा पाइरहेका छन्, त्यो हुनु पनि पऱ्यो । त्यसले गर्दा म आग्रह गर्न

चाहन्छु, कि विशेषगरी नेपाल टेलिभिजन र नेपाल रेडियोमा रेडियो नेपालमा को राष्ट्रिय प्रसारणमा यो भाषालाई उचित स्थान दिनुपऱ्यो । साथै यो भाषा आयोगले के गरिरहेको छ? उसको जिम्मेवारीभित्र अरु भाषा पर्छ कि पर्दैन? मैथिली, भोजपुरी, मधेशमा वा अन्य ठाउँमा बोलिने जुन भाषाहरू छन् । यिनीहरूको कार्य क्षेत्र भित्र पर्छ कि पर्दैन? नेपाल एकेडेमी, नेपाल प्रज्ञा प्रतिष्ठान किन मौन छन्? अरु अरु भाषाको बारेमा यिनीहरूको चासो किन हामी देखिरहेका छैनौं? यतातिर म सम्बन्धित निकायको ध्यान सम्माननीय अध्यक्षज्यूबाट आकर्षित गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:-माननीय डाक्टर विमला राई पौडयाल । त्यसपछि माननीय भैरव सुन्दर श्रेष्ठ । विमला राई पौडेल । समय ५ मिनेट ।

(१३:५८ बजे) **माननीय डा. विमला राई पौडेल (मनोनित)**:- सम्माननीय अध्यक्षज्यू, म त्रिभुवन युनिभर्सिटी पढेको मान्छे । यहाँ जति पनि हुनुहुन्छ हामी सबैजना, मलाई लाग्छ हामी सबै त्रिभुवन युनिभर्सिटीका product हौं जस्तो लाग्छ मलाई यो उमेर समूहका मान्छे चाहिँ। कुनै न कुनै तरिकाले । त्यो भन्दा पछाडि विभिन्न private university हरू खुले । हाम्रा सन्तानहरू अलिअलि अलग अलग युनिभर्सिटीमा पढे होला । तर हाम्रो यो उमेर समूहका मान्छे चाहिँ जति खोजे पनि प्रोफेसनलहरुमा, राजनीतिज्ञहरुमा हेर्दाखेरि त्रिभुवन युनिभर्सिटीमै पढेका धेरै छौं जस्तो मलाई लाग्छ । साह्रै धेरै सम्मान गर्ने university हो मैले, यहाँहरूले पनि त्यसै गर्नुहुन्छ होला। विश्वमा युनिभर्सिटीहरूको ranking हुन्छ । ranking चाहिँ लेख्ने पढ्ने वातावरण कस्तो छ, अनुसन्धान कसरी हुन्छ, स्रोत कस्तो छ, त्यहाँ पढेका विद्यार्थीहरुले कतिको संसारमा राम्रो नाम कमाउने खालका कामहरु गरेका छन् र अन्तर्राष्ट्रिय रूपमा त्यो university लाई कस्तो दृष्टिले हेरिन्छ । यस्ता indicator हरूबाट university ranking हुनेगर्छ । ranking मा हाम्रो युनिभर्सिटी, त्रिभुवन युनिभर्सिटी जसलाई मैले त मेरो युनिभर्सिटी पनि भन्छु । हाम्रो युनिभर्सिटी हो । हाम्रो युनिभर्सिटी त्रिभुवन युनिभर्सिटी अहिलेको यो times higher education world university ranking भन्छ ।

त्यसको २०२४ को रिजल्ट अनुसार पन्ध्र सय university छान्दाखेरि १२०१ मा पर्छ । त्यति राम्रो ranking होइन । पहिला पहिला यसको ranking थियो भनिन्छ, मैले data खोज्न पाइन तर पहिला पहिला यसको ranking राम्रो थियो भनिन्छ । ranking विश्वको मानचित्रबाट हाम्रो ranking खस्किँदै खस्किदैं गएको छ । र यसमा थुप्रै कुराहरु हामीले

छलफल गर्छौं । जे भएपनि अहिले नेपालको ८०% भन्दा बढी युनिभर्सिटी पढ्ने विद्यार्थीहरु त्रिभुवन युनिभर्सिटीका आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त गर्ने क्याम्पसबाटै पढिराखेको देखिन्छ । भनेपछि यो university अहिले पनि हाम्रो देशको लागि big युनिभर्सिटी हो । big युनिभर्सिटी, हामी सबैलाई चाहिने, सबैले माया गर्ने सबैले संरक्षण गर्नुपर्ने ८० प्रतिशत भन्दा बढी उच्च शिक्षा पढ्ने विद्यार्थीहरु जाने युनिभर्सिटी हो। यो युनिभर्सिटीले हाम्रो देशको शिक्षा उच्च शिक्षाको गुणस्तर निर्धारण गर्छ । त्यहीँबाट आउने हुन्, bureaucrats, politician, त्यहीँबाट आउने scientists हरु पनि र त्यहीबाट आउने हुने Politician हरू पनि । यति महत्वपूर्ण युनिभर्सिटी छ । तर university को ranking मात्रै गइरहेको होइन, यो प्रतिको विश्वास पनि उठ्दै गइरहेको छ, भरोसा पनि टुट्दै गइरहेको अवस्था छ । सन्दर्भ छ यो युनिभर्सिटीलाई सञ्चालन गर्ने ड्राइभरको । जसलाई चाहिँ हामीले अहिले उपकुलपति खोजिराखेका छौं, देशले खोजिराखेको छ भनौं । भन्न त प्रधानमन्त्रीज्यूले बडो सजिलोसँग अहिलेसम्म राजनीतिक हस्तक्षेप भएपनि अब चाहिँ मैले राजनीतिक हस्तक्षेप हस्तक्षेप हुन दिन्नँ यो युनिभर्सिटीमा भन्नुभएको छ । एक किसिमले यो भनेको चाहिँ पहिला पहिला राजनीतिक हस्तक्षेपकै कारणले युनिभर्सिटी बिग्रेको रहेछ है भन्ने पनि स्वीकारोक्ति हो । यो स्वीकारोक्ति हामीले मान्नु पनि पर्छ । किन भने राजनीतिक भागबन्डाका कारणले university हरू थला परेका छन् । यसमा एउटा थला परेको युनिभर्सिटी भनेको त्रिभुवन युनिभर्सिटी हो । अहिले शिक्षा मन्त्रीज्यूको नेतृत्वमा भनौं, चाहिँ अहिले एउटा समिति गठन भाको छ, merit को आधारमा उपकुलपति लिने भनेर भनेका छौं र छनौट तथा सिफारिस समिति बनेको छ । पहिलो कुरा त मलाई के लाग्छ भने university जस्तो ठाउँलाई हेर्ने मान्छे भनेको चाहिँ राम्रा मान्छेहरु चाहिँ एप्लिकेसन दिएर यो छनोट प्रक्रियामा आउँदैनन् । राम्रा मान्छेहरु चाहिँ नेतृत्वले एकदम राम्रोसँग tested र असाध्यै राम्रा मान्छेहरु चाहिँ नेतृत्वले गएर apply गरिदिनुस् न भन्नुपर्छ अथवा तपाईं आएर यो university चार वर्ष सम्हाल्दिनुस् न भन्नु पर्छ । हामीले त्यति हिम्मत गर्न सकेनौं । र त्यसपछि अब एप्लिकेसन त खोल्यौं त्यो एप्लिकेसनमा कति राम्रा मान्छेहरु tested मान्छेहरु परेकै छैनन् । आउँदै आएको छैन । र ४३ जनाको application परे पनि अहिले २९ जना बाहिर हुनुभएको छ त्यसमा र अरु आउनुभएको छ खुसीको कुरा त्यसमा एउटा महिला पनि हुनुहुन्छ त्यसमा । तर दुःखको कुरा छ भने त्यो भित्र tested फेल भएका अनुहारहरु पनि आएका छन् । tested फेल भएको भन्छु मैले । किन भने पहिला university को नेतृत्व लिइसकेका, कुनै प्रगति गर्न नसकेका र ranking मा university लाई पछाडि धकेलिसकेका मान्छे पनि आएका छन् । फेरि पनि प्रधानमन्त्रीलाई मेरो एउटै प्रश्न छ । राजनीतिक हस्तक्षेप हुन दिन्नँ भनेर सङ्कल्प गर्दै गर्दाखेरि tested र फेल भएका अनुहारलाई पनि फेरि university

ल्याउनको लागि छान्या हो त्यो समितिले, tested भइसकेका मान्छेलाई, fail भएका मान्छेलाई फेरी किन ल्याएको? विभिन्न रूपमा मुद्दा चाहिँ कहिले बौद्धिक चोरीको आरोप लागेको, कहिले अख्तियारबाट मुद्दा चलेका मान्छेहरूलाई किन ल्याएको युनिभर्सिटीको उसमा? यो एकदमै wrong छ भने मैले यसमा (.......समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय भैरव सुन्दर श्रेष्ठ । समय १४ मिनेट । त्यसपछि माननीय युवराज शर्मा ।

**(१४:०४ बजे) <u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, मैले आजको विशेष समयमा केही कुराहरू राख्न गइरहेको छु । पन्ध्रौं अधिवेशनको सुरु भएको आज तेस्रो बैठक हो यो । मैले विशेष गरी अस्ति शून्य समयमा, २४ गतेको शून्य समयमा मैले सङ्क्षेपमा मात्रै जाजरकोटको भूकम्पको बारेमा केही कुरा राखेको थिएँ । आज मात्रै अलि विस्तृत तवरले राख्न चाहन्छु ।

गत कार्तिक १७ गते राती ११ बजेर ४७ मिनेटमा एउटा विनाशकारी भूकम्प गएको थियो । जुन भूकम्पको ईपीसेन्टर, केन्द्रविन्दु जाजरकोट जिल्लाको बारेकोट गाउँपालिकाको सिर्पाचौरमा भएको चाहिँ थियो । त्यो भूकम्पले जाजरकोट, सल्यान, रुकुम पश्चिमलगायतका पश्चिमका केही जिल्लाहरूसमेतलाई त्यसले प्रभावित पारेको थियो । जाजरकोट जिल्लामा करिब १०१ जना भूकम्पमा परेर मृत्युवरण गर्नुभ'को थियो भने रुकुम पश्चिममा ५३ जनाको मृत्यु भ'को थियो । भूकम्पपश्चात् बालबालिकाहरू, वृद्धवृद्धाहरू, गर्भवती महिलाहरू, सुत्केरी महिलाहरूसमेत मृत्यु हुनुभएको छ । त्यसको संस्था अहिले करिब ४५ भन्दा बढी भएको कुराहरू तथ्य भनेर हामी पाउछौं । त्यो यो भूकम्पमा परेर मृत्यु हुने ती सबै मृतकहरूप्रति म सर्वप्रथम यहाँको आजको यो हाउसबाट म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । र परिवारजनप्रति समवेदना व्यक्त गर्न पनि चाहन्छु भूकम्प गएको भोलिपल्टै सम्माननीय प्रधानमन्त्रीज्यू अनुगमनमा जानु चाहिँ भयो । हामी एकदमै आशावादी भएका थियौं, जानुभयो धन्यवाद पनि दियौं हामी । भूकम्पको जाजरकोट र पश्चिम रुकुममा चाहिँ निरीक्षण गर्नुभयो र केही कुराहरू वहाँले बोल्नुभएको थियो । हामीलाई आशा लागेको थियो कि प्रधानमन्त्रीले जे कुराहरू त्यहाँ आश्वासन दिनुभएको छ, ती आश्वासन जनताले छोटै समयमा पूरा गर्ने छन् भन्ने कुरा सोचेका थियौं । जाजरकोटका जनताको, रुकुम पश्चिमका जनताका, सल्यानका जनताको यही अपेक्षा थियो । र त्यतिखेर राहत उद्धारमा ती सबै पक्षको सहयोग रहेको छ । स्थानीय

तह जाजरकोटलगायतका देशका विभिन्न तहमा महानगरपालिकादेखि उपमहानगरपालिका र नगरपालिकाहरूको राहत उद्धारमा सहयोग भएको छ । विभिन्न संघ संस्थाहरूले राष्ट्रिय तहमा रहेका NGO, INGO अन्तर्राष्ट्रिय तहमा रहेका China foundation र USAID जस्ता संस्थाहरूले पनि जाजरकोट जिल्लामा सहयोग गरेका थिए र यो सहयोगप्रति हामी ती सहयोगी हात बढाउनेप्रति हामी जाजरकोटका जनताहरू र रुकुम पश्चिमका जनताहरू हामी आभारी छौं । म वहाँहरू सबैलाई धन्यवाद दिन चाहन्छु । र यही बिचमा त्यहाँ के भएको छ भन्ने कुरा सम्माननीय प्रतिनिधि सभाको सभामुखलाई, त्यसै गरी सम्माननीय राष्ट्रिय सभाको अध्यक्षज्यूलाई मैले भनेको चाहिँ थिएँ र तत्कालै राज्य व्यवस्थापन, राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिसहितको टिम त्यहाँ पुगेको थियो । त्यतिबेला हामी जाजरकोट जिल्लामा थियौं । त्यसै गरी राष्ट्रिय सभाको राष्ट्रिय सरोकार समितिको सभापतिकै नेतृत्वमा त्यहाँ माननीयज्यूहरू पुग्नुभएको थियो । त्यतिखेर पनि हामी त्यही नै थियौं । त्यसै गरी शिक्षा तथा बालबालिका समितिको पनि सभापति त्यहाँ पुग्नुभएको थियो । आज भूकम्प गएको करिब १०१ दिन भइसक्यो आजको दिनसम्म गणना गर्दाखेरि र राज्य व्यवस्था समिति र राष्ट्रिय सरोकार समितिले धेरै कुराहरूलाई सुझावको रूपमा तलबाट जे देख्यो त्यही कुराहरूलाई indicate गरेर अब सरकार यसरी जानुपर्छ भनेर भन्ने कुरा हामीले प्रतिवेदनमार्फत सरकारको ध्यानाकर्षण गराएको छु भन्ने कुरो सभापतिज्यूहरूले हामीलाई भन्नुभएको छ । त्यसपछि सरकारले लाभग्राहीको सङ्ख्या कति छ त? भूकम्पबाट पीडितको सङ्ख्या टोटल कति हो त भन्ने गर्दाखेरि जाजरकोट जिल्लामा ४२ हजार ५ सय २४ र रुकुम पश्चिममा ३१ हजार ६ सय २०, सल्यानमा ३ हजारको हाराहारीमा ती लाभग्राहीको सङ्ख्या यकिन भएको छ । सम्माननीय प्रधानमन्त्रीज्यूले एउटा प्रसङ्गमा के भन्नुभयो भन्दा अब तत्काल, तत्काल राहतको निम्ति ती सबै लाभग्राही परिवारले ५० हजारको दरले पाउनुपर्छ भनेर कुनै ठाउँमा भन्नुभयो । र यही बिचमा गत पुसको १८ गते जाजरकोट जिल्लाका र रुकुम पश्चिमका जनप्रतिनिधिहरू स्थानीय तहका जनप्रतिनिधिहरू र त्यो क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा राष्ट्रिय सभाका माननीयज्यूको पहलमा त्यही ललितपुरको स्टाफ कलेजमा एउटा कार्यक्रम भएको थियो । त्यो कार्यक्रममा सबै पक्षहरू त्यसमा सम्माननीय प्रधानमन्त्रीको उपस्थिति भएको छ, अर्थमन्त्रीज्यूको उपस्थिति भएको छ, अन्य मन्त्रीहरू पनि आउनुभएको छ । राष्ट्रिय योजना आयोगका उपाध्यक्षलगायतका सदस्यहरू, प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीहरू र धेरैको उपस्थिति सेनाका प्रमुखहरू, त्यसै गरी नेपाल प्रहरीका प्रमुखहरू, सशस्त्र प्रहरीका प्रमुखहरू सबैको उपस्थितिमा विज्ञहरूको उपस्थितिमा हामीले त्यहाँ केही कुराहरू राखेका थियौं । तलको अवस्था कस्तो छ भन्ने जानकारी गराएका थियौं । त्यसै गरी अब गर्ने कामहरू के हुन सक्छ भनेर हामीले सुझाव दिएका थियौं । त्यसै गरी ०७२ सालको

भूकम्पबाट जति प्रभावित भएर भूकम्प निर्माण पुनर्निर्माणमा जति सरकारले तत्परता देखाएर त्यसअनुरूप अहिलेको सरकारले पनि देखाओस् भनेर केही सुझावहरू पनि त्यहाँ राखेका थियौं । र प्रधानमन्त्रीज्यूले एउटा प्रसङ्ग त्यही बेला भन्नुभएको थियो, कि मैले तत्काल राहतको निम्ति मुख्यसचिवज्यूलाई क्याबिनेटकै बैठकमै भनेको थिएँ कि एक घन्टाभित्र ५० हजारका दरले सबै लाभग्राहीहरूले राहतस्वरूप ५० हजार पाउनुपर्छ भनेर मैले भनेको थिएँ । नेपालको प्रशासनिक संयन्त्र कति कमजोर वहाँले त्यही भन्नुभएको थियो कि अहिलेसम्म करिब ६१ दिन बित्दाखेरि पनि त्यो पैसा तल पुगेको छैन । अब अबिलम्ब त्यहाँ पैसा पठाइनेछ भन्ने कुरा भन्नुभएको थियो । त्यो पैसा अहिलेसम्म ५० हजारका दरले पठाउने भनेको पैसा केवल २५ हजारको दरले दुई किस्ता गरेर पठाएको छ । त्यही २५ हजारको दरले गएको पैसा पनि आज लाभग्राहीहरूले पाउन सकेका छैनन् । सरकार कहाँ चाहिँ छ? एकातिर प्रधानमन्त्री भन्नुहुन्छ अबिलम्ब राहतस्वरूप पैसा ५० हजार पाइने छ भनेर अर्कोतिर सरकार र संयन्त्र २५ हजारको दरले दुई किस्ता गरी दिने भन्ने कुरा भएको छ । तर त्यो २५ हजार पनि लाभग्राहीहरूले पाउन सकेको अवस्था छैन । यो गर्दाखेरि अब अहिले तलको अवस्था अत्यन्त दर्दनाक छ ।

हाम्रो जाजरकोट जिल्लामा ४३ हजार ५ सय २४ मध्ये अहिलेसम्म पाएको ३१ हजार ९ सय ६१ जनाले मात्रै त्यो २५ हजारको दरले पैसा पाएका छन् भने १० हजार ५ सय ६३ जनाले पाउन बाँकी नै छ । अर्को २५ हजार पाउने त कहिले हो, त्यो कुरै छैन । त्यसैले के हो भने त्यहाँका जोखिम बस्तीहरू जोखिममा परेका परिवारलाई त्यो पैसा लिनका निम्ति पनि आफ्नो घर सकेर अहिले उनीहरू एउटा अत्यन्तै चिसोको मौसममा सामना गरिरहेका छन् । धेरै मान्छेहरू भूकम्पबाट पछि पनि त्यो दिनभन्दा पछि पनि ४५ जना मान्छेको हाराहारीमा मृत्यु भएको छ । सरकारले यसका बारेमा कुनै चासो पनि छैन चिन्ता पनि छैन । हामीलाई त के लागिरहेको थियो भने ०७२ सालको भूकम्पबाट जे खालको क्षति भएको थियो तत्कालीन केपी ओली नेतृत्वको सरकारले करिब ८ लाख ५० हजार घरहरू बनाएर हस्तान्तरण गरेको कुराहरू हामीले सुनेका थियौं । त्यसै गरी अहिले प्रधानमन्त्री जिल्लामा पुग्नुभएको छ, राष्ट्रपति महोदय जानुभएको छ । मन्त्रीहरू पुग्नुभएको छ, संसदीय समितिहरू जानुभएको छ, सुझावहरू आएका छन् । सरकारले गर्छु भन्छ, तर गर्ने कुरा के हो? न त्यससम्बन्धी प्राधिकरण निर्माण भएको छ । न त सरकारको राष्ट्रिय योजना आयोगले तत्परता देखाएको छ, न गृह मन्त्रालयले तत्परता देखाएको छ, न त सहरी विकास मन्त्रालयले तत्परता देखाएको छ । हामी जहिले पनि मन्त्रीका, प्रधानमन्त्री कहाँ गए पनि खाली हात आउनुपर्ने अवस्था छ । त्यसैले म भन्न चाहन्छु । सरकार छ या छैन, सरकार कहाँ छ? छ भने अनुभूति हुनुपर्‍यो । यदि छैन भने

सरकारले हात उठाओस् । ती जाजरकोटे जनताका बिचमा, ती सल्याने जनताका बिचमा, रुकुम पश्चिम जनताका बिचमा सरकारले हात उठाएर भनोस् अब सरकार केही पनि गर्न सक्दैन भनेर भन्नुपर्‍यो । होइन भने आज १ सय १ दिन बितिसक्दा पनि हाम्रा राज्यका निकायहरू मौन छन् । प्रधानमन्त्री मौन हुनुहुन्छ । मन्त्रीहरू मौन हुनुहुन्छ । म आजको यो सम्माननीय अध्यक्षज्यूमार्फत प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । यदि सरकारले तयार केही गरेको छ, मोडेल तयार गरेको छ अथवा न्यूनतम रकम यति दिने भनेको छ भने यो हाउसबाट प्रधानमन्त्री स्वयम् उपस्थित भइदिएर अब आफ्ना प्रतिबद्धताहरू, आफ्ना योजनाहरू के हुन् ती तत्काल जनताले थाहा पाउने गरी भन्नुपर्‍यो म माग गर्न, जोडदार रूपमा म माग गर्न चाहन्छु । जनताहरू घर नपाएर चिसोमा बसिरहेका छन् । हामी अहिले पनि राहत र उद्धारका कुराहरू गरिरहेका छौं । पुनर्निर्माण र ती जोखिममा परेका बस्तीहरू नयाँ स्थानान्तरण गर्ने कहाँ हो? त्यो कुराको निम्ति सरकार मौन चाहिँ छ । बेखबर छ । कि त स्थानीय तहलाई भन्नुपर्‍यो । जनशक्तिको व्यवस्था सरकारले गर्दिने, बजेटको व्यवस्था सरकारले गर्दिने र तल चाहिँ एउटा कार्यविधि बनाएर तपाईंहरू बनाउनुस् त भनेर । स्थानीय तहलाई, स्थानीय तह पनि एउटा सरकार हो । त्यो सरकारलाई काम गर्नको निम्ति कि त आदेश दिनुपर्‍यो । कि निर्देशन गर्नुपर्‍यो । तर त्यो तत्परता नदेखाएको कारणले गर्दा हामी म जाजरकोट जनता, रुकुम पश्चिम जनता र ती सल्यानी जनताको तर्फबाट म सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । तपाईंले गर्नुपर्ने कामहरू के हुन् त्यो अबिलम्ब गर्नुस् । यदि गर्न सकिँदैन भने त्यसकारणले सकिएन भनेर तपाईंले हाउसमा उभिएर भन्नु भनेर म जोडदार माग गर्न चाहन्छु ।

यसै गरी र त्यहाँ र अहिले के हो भन्दाखेरि भूकम्पमा परेर ठुला व्यवसायीहरू, साना व्यवसायीहरू निकै मर्कामा परेका छन् । उनको व्यवसाय चौपट भएको छ । ती चौपट व्यवसाय चौपट भएकाहरूलाई राज्यले दिने कुराहरू के हो त? ती आवासहरू बन्नका निम्ति राज्यले केही पनि गरेको छैन । हामीले भन्न खोजेको कुरा के हो भन्दाखेरि कम्तीमा सरकारले ५ लाखभन्दा बढी न्यूनतम अनुदान दियोस् । र सस्तो लोन दिएर गर्ने सक्नेहरूलाई एउटा मोडेल बनाइदिएर सस्तो लोनको व्यवस्था सरकारले गर्दियोस् । ती व्यवसायहरूलाई व्यवसाय सञ्चालन गर्नको निम्ति केही सञ्चालन पुँजी सरकारले व्यवस्था गर्दियोस् । यो बिचको अवधिमा ती साना तथा ठुला बैङ्कले वहाँहरूलाई भनिराख्नुभएको छ तपाईंहरूले साँवा र ब्याज तिर्नुस् भनेर बारम्बार पत्रहरू पठाएर ताकेता गरिराख्नुभएको छ । ती व्यवसायहरूले आज ती ताकेता पत्रका कारणले गर्दा एउटा frustration आएको छ कि वहाँहरू अरू ठाउँमा देखिन्छ सुनिन्छ कि ती व्यवसायीहरूले विभिन्न किसिमले आत्महत्या गरेको कुरा सुनिन्छ । त्यसैले जाजरकोटका

व्यवसायहरूले पनि त्यो खालको बाटो अवलम्बन गर्नुपर्ने अवस्था नआओस् । त्यसको निम्ति सरकारले समयमा सोचोस् भन्न हामी चाहन्छौं । आर्थिक सामाजिक क्षेत्रगत रूपान्तरण कार्यक्रम त्यहाँ ल्याउनुपर्‍यो, जनताहरू अत्यन्त त्रसित छन् । ती त्रसित जनताहरूलाई फेरि पनि आफ्नो पूर्ववर्ती अवस्थामा ल्याउनको निम्ति सरकारले चासो दिनुपर्‍यो । आर्थिक क्रियाकलापको निम्ति प्याकेज कार्यक्रम दिनुपर्‍यो । त्यो तर्फ सरकारले ध्यान दियोस् भनेर म राख्न चाहन्छु ।

त्यसै गरी सरकारी भवनहरू जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालतहरू, नापी कार्यालयहरू, मालपोत कार्यालयहरू भत्किएर उनीहरू अस्थायी रूपमा कुनै ठाउँमा चलाएको अवस्था छ । त्यस्तै विद्यालय भवनहरू पूर्ण रूपमा क्षतिग्रस्त भएका २१९ ओटा विद्यालयहरू पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । त्यहाँका बालबच्चाहरू एउटा पढ्ने अवस्था कस्तो होला? एउटा हामी आफैं पनि अन्दाज गरौं । त्यसै गरी आंशिक रूपमा क्षति भएका ३०० भन्दा बढी विद्यालयहरू आंशिक रूपमा क्षति भएका छन् । ती सबै विद्यालयहरूलाई पुनर्निर्माण गरिनुपर्छ भन्ने कुराहरू हामीले उठाएका छौं । सरकार सुनिरहेको छैन । त्यसकारणले गर्दा म सरकारलाई फेरि पनि विशेष अनुरोध गर्न चाहन्छु । कि सरकारको यसतर्फ  तत्परता देखाई जनतालाई राहत दिने काम कार्यक्रमहरू के हुन् त्यो लिएर आओस् भनेर म फेरि पनि अनुरोध गर्न चाहन्छु ।

र अर्को हाम्रो सरकार साँच्चै नै संसदप्रति उत्तरदायी छैन । हामी सदनमा सदनमा यो गठबन्धन सरकार बनेदेखि विशेष समयमा, शून्य समयमा हामी धेरै कुराहरू उठाएका छौं । ती उठाएका कुराहरूलाई सम्बोधन गर्ने गरी कुनै मन्त्री र प्रधानमन्त्रीले अहिलेसम्म जवाफ दिएको त्यस्तो हामी पाउँदैनौं । अब सरकार एकातिर खर्चलाई मितव्ययी बनाउनुपर्छ भन्ने कुरा सरकार भन्ने गर्छ । खर्च न्यून खर्च किनभने आम्दानी छैन । त्यसले गर्दाखेरि खर्चमा मितव्ययिता बनाउनुपर्छ भन्ने कुरा सरकारले भनिरहेको बेला । अस्ति हामीले २२ गते सदन चलिरहेको बेला सरकारका मन्त्रीज्यूहरू दर्जनौंपटक अन्तर्राष्ट्रियस्तरका भ्रमण गरेको कुराहरू हामीले थाहा पायौं । IPU जस्तो Inter Parliamentary Union को त्यो अन्तर्राष्ट्रियस्तरको सम्मेलनमा जो वर्षमा एक वा दुईपटक हुने गर्छ । त्यस्ता सम्मेलनमा माननीयज्यूहरूको टिम त्यहाँ जान्छ । तर ती माननीयज्यूहरू त्यहाँ गइसकेपछि त्यो आउने जाने गरेको खर्चसम्बन्धी ..... तर आज हाम्रो राष्ट्रिय सभाबाट जाने माननीयज्यूहरू, यहाँ प्रतिनिधि सभाबाट जाने माननीयज्यूहरू खर्चको निम्ति अर्थमन्त्रालयमा धाउनुपर्ने अवस्था सिर्जना भएको छ । र त्यस्तै हाम्रो राष्ट्रिय सभाको अध्यक्षज्यूको आमन्त्रणमा आउनुभएको Ireland को upper house को अध्यक्ष यहाँ आउनुभएको

थियो । त्यो अध्यक्ष आउँदा भएको खर्च पनि अहिलेसम्म सरकारले दिन सकेको अवस्था छैन ।

र यसै गरी सम्माननीय अध्यक्षज्यू, त्यसै गरी प्रदेश सभाको सभामुखज्यूसमेतको राय, सल्लाहमा सचिवालयले खर्च के कति हुन्छ भनेर एउटा आवश्यकताको आधारमा बजेट माग गरेको हुन्छ । र ती सदनका सदनहरू र सदनले बनाएका समितिहरू काम गर्न राम्रो हुन भन्नका निम्ति पनि बजेटको आवश्यक पर्छ । तर सरकार बजेट दिँदैन । त्यसैले बजेट नदिएर यो संसदलाई संसदको गरिमालाई होच्याउन सरकार किन लागिरहेको छ? यदि सरकारले सदन र बैठकहरू नचलाउने हो, सदनप्रति उत्तरदायी नहुने हो भनेपछि सरकारलाई म के भनौं । यही ढङ्गले गतिविधिहरू गरेर हामी संघीय लोकतान्त्रिक गणतन्त्रलाई एउटा समाजवाद उन्मुख तहसम्म पुऱ्याउने जुन खालको प्रण गरेका थियौं । त्यो एउटा आफैंमा हाँस्यास्पद हुन सक्छ । त्यसैले गर्दाखेरि त्यसतर्फ सरकारले ध्यान दियोस् भन्न चाहन्छु ।

हाम्रो सम्माननीय प्रधानमन्त्रीले भन्नुभएको थियो कि यो मेरो लागि अन्तिम अवसर हो मैले देश र जनताको पक्षमा काम गर्ने छु भन्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । तर हामी देखिरहेका छौं कि ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय युवराज शर्मा । समय ७ मिनेट । त्यसपछि माननीय गोपी बहादुर सार्की आछामी ।

**(१४:१९ बजे) माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, गिरिबन्धु टि स्टेटको सम्बन्धमा सर्वोच्च अदालतको फैसलाको स्वागत गर्न चाहन्छु । आशा गरौं नीतिगत अनियमिततामा अब रोक लाग्ने नै छ । त्यस्तै सरकारी जग्गालाई फिर्ता ल्याउने अन्य निकायले गरेको पहल, विभिन्न फर्मले गरेको करछलीविरुद्ध चालिएको कदम पनि सराहनीय छ । सरकारले गरेका राम्रा कामहरू अरू पनि छन् । तर यी सबका बाबजुद अहिलेसम्म पुँजीगत खर्च २५% मात्र भएको देख्दा मुजुरले आफ्नो खुट्टा हेरी रोए जस्तो सिङ्गो नेपाल रोएको जस्तो लाग्छ । यस्तो अवस्थादेखि मुक्ति भने आवश्यक छ । द्वापर युगमा दुर्योधनले पाण्डवलाई ५ गाउँ त के, सुईको टुप्पो बराबर भूमि पनि दिन्न भन्दा श्री कृष्ण युद्धको घोषणा गर्छन् । तर युद्धको मैदानमा अर्जुन कातँर भई प्रश्नमाथि प्रश्न तेर्स्याउन पुग्दछन् । श्रीकृष्णले उनका प्रत्येक प्रश्नका उत्तर दिँदै उनलाई युद्वोन्मुख गराउन सफल हुन्छन् । ती प्रश्नको उत्तर नेपाल सरकारको लागि पनि पठनीय छ । "योगः कर्मसु कौशलम्" गीताको यस

श्लोकको अर्थ बुझे पर्याप्त हुन्छ । तर बुझे जस्तो लाग्दैन । नत्र राष्ट्रिय गौरवको आयोजना अलपत्र हुने थिएन । श्रीकृष्णले पाण्डवको लागि ५ गाउँ मागेजस्तै नेपाली जनता आज आफ्ना लागि प्रमुख ५ कुराः बिजुली, पानी, शिक्षा, स्वास्थ्य र रोजगार माग्दैछन् । त्यो पनि सहज, सुलभ र निःशुल्क वा अत्यन्त कम शुल्कमा । एउटा पालिकाले शिक्षा र स्वास्थ्यमा जनतालाई दिएको राहत तीनै तहको सरकारले किन नदिन सक्ने? यदि यी माग सम्बोधन हुन सकेन भने सिङ्गो राष्ट्र आन्दोलित हुन बेर छैन ।

विद्यार्थीको हातमा पासपोर्ट र भिसा कहिलेसम्म थमाउने? कलेज छाड्न विवश कहिलेसम्म गराउने? ५ वर्षमा बाहिर जाने विद्यार्थीको सङ्ख्या ४ लाख ४ हजार १ सय ३९, बिचैमा कलेज छाड्नेको सङ्ख्या पनि उत्तिकै । पढ्दै, कमाउँदैको नीति कता गएको कुन्नि? यी कुरादेखि बेखबर त्रिभुवन विश्वविद्यालयको नियुक्तिमा दलिल भागबण्डा किन? ठेक्काहरू प्राय विभाजित किन? यही प्रश्नका उत्तरसहितको समाधान प्रस्तुत गर्ने काम सरकारको हो । किनभने सरकार देश हाँक्ने सारथी हो । त्यसैले लक्ष्य र गन्तव्यसम्म पुऱ्याउने जिम्मा पनि उसैको हो । मन्त्रालय, विभाग, कार्यालय, इत्यादि सबैलाई उचित मन्त्रद्वारा अभिमन्त्रित गरी राष्ट्रिय विकास निर्माणको महायज्ञमा हवन गर्न अभिप्रेरित गर्नु नेतृत्वको धर्म हो । नत्र समयले सबैको हिसाब गर्न बेर लाग्ने छैन । समयले चुनौती थप्दै गएको पनि देखिन्छ । जे गरेर, जसरी भएपनि बजेटमा राहतको प्याकेज प्रस्तुत हुनुपर्दछ । जनता र समय दुवैको माग हो । सांसदलाई आफ्नो क्षेत्रको विकास गर्न दिइने कोष कट्टा गर्नु नै उचित हुने छ । नचाहिने दरबन्दी र सुविधाहरू कटौती गर्नु नै पर्दछ । भन्सारको दर र दायरा बढाएर लक्ष्य प्राप्त हुँदैन । बरु महङ्गी, चोरी, निकासी र पैठारी दुवै बढ्ने गर्दछ । यसरी आर्थिक अनुशासन कसरी कायम होला? नीतिहरूमा सानोतिनो सुधार होइन, व्यापक परिवर्तन अनिवार्य नै भइसकेको छ । सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकार र सम्बन्धित निकायको ध्यान यसतर्फ आकृष्ट गराउन चाहन्छु । राष्ट्रिय बचतको समयसापेक्ष नीति र योजना पनि अपेक्षित छ । बेरुजु फछ्र्यौट पनि आवश्यक छ । निर्माण हुने सबै नीति जनताकै लागि बन्नुपर्दछ । वास्तविक सरोकारवाला उनी नै हुन् । शिक्षा विधेयकले धेरै कुरा भनेको छ । तपाईंले परिवर्तन चाहे न परिवर्तन हुन्छ । सहजै दिगो विकासको लक्ष्य पनि फेला पर्दछ । नीतिगत अनियमितताले त बदनामी मात्र प्राप्त हुन्छ । कारागारहरूमा क्षमताभन्दा दोब्बर तेब्बर कैदी छन् तर भनिन्छ दण्डहीनता बढेको छ, कानुनको शासन छैन । सानो माछालाई कानुनको दायरामा ल्याउँदा ठुलो माछा खोइ भनिन्छ, ठुला माछा तानिंदा whale माछा खोइ? भन्छन् भने त्यसको जवाफ

आवश्यक छैन । किनभने यहाँ समुद्र छैन । कानुनविपरीत हिँड्नेलाई कसैले पनि संरक्षण भने दिनुहुँदैन । नत्र माफियाहरू पल्कन थाल्छन् ।

अर्को कुरा नबग्ने ढल र नखान हुने पानी र नसास फेर्न हुने हावादेखि जनताले कहिले, कसरी मुक्ति पाउने? उपाय पहिल्याउने काम पनि सरकारकै हो । अर्कोतिर नागरिक कर्तव्यको सम्बन्धमा कुरा गर्दा संविधान जलाउने, सिंहदरबार जलाउने, उद्घोष गर्ने, मन्त्रीको मोटरमा आगो लगाउने, आत्मसमर्पण गरेका प्रहरीको आँखामा भाला रोपी जलाई मार्नेहरूले बुझ्नुपर्दछ कि रोम भन्ने सहर एक दिनमा बनेको थिएन । तर जलेको भने एक दिनमा थियो । निरोलाई हिरो बनाउनु कदापि ठिक होइन । कर्तव्य पालन सबैका लागि अनिवार्य छ । कहिलेकाहीँ मलाई अनुभूति हुन्छ कि एउटा दुश्चक्रको निर्माण हुँदैछ । यहाँ सबै संविधानवादी दल त्यसमा फस्दै छन् । उपाय सोच्नु उचित हुने छ । तर म चाहन्छु, आज स्वयम् म चाहन्छु मेरो अनुभूति झुटो साबित होस् । सुन्दर शान्त र विशाल नेपाल भनी त्यसै भनिएको होइन । नेपालले सही नीतिले हेऱ्यो भने विकास र समृद्धिलाई अवश्य हासिल गर्न सक्दछ । तर सिङ्गापुरले होस् वा स्वीटजरल्यान्डले, नेपालको विविधता र प्राकृतिक सौन्दर्य प्राप्त गर्न सायदै सक्ला ।

अन्तमा भैरहवा र पोखरा अन्तर्राष्ट्रिय एयरपोर्ट सञ्चालनका लागि देखेका झिनो सङ्केत अघि बढ्न सकोस्, प्रयास सफल होस् । र अन्तमा म नवनियुक्त महासचिव र नवनिर्वाचित राष्ट्रिय सभाका सांसदहरूलाई बधाई र उहाँको कार्यकालको सफलताको शुभकामना दिँदै बिदा लिन्छु । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गोपी बहादुर सार्की अछामी । समय १३ मिनेट ।

(१४:२५ बजे) **<u>माननीय श्री गोपी बहादुर सार्की अछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो पन्ध्रौं अधिवेशनको क्रममा हामी अगाडि बढिराखेका छौं । सर्वप्रथम त म सबै परिवर्तनकारी आन्दोलनमा सहादत प्राप्त गर्नुहुने महान् सहिदहरूप्रति हार्दिक सलाम व्यक्त गर्न चाहन्छु । बेपत्ता योद्धा, घाइते सबैलाई सम्मान र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । त्यस्तै अहिले एक तिहाइ माननीयज्यूहरू आउँदै हुनुहुन्छ । म हार्दिक स्वागत गर्ने दिन पनि आउँदै छ । म वहाँहरूलाई हार्दिक बधाई तथा सफलताका निम्ति शुभकामना पनि दिन चाहन्छु । संसदका महासचिवको कार्यकालको सफलताको निम्ति पनि हार्दिक शुभकामना दिन चाहन्छु ।

हामी एउटा परिस्थितिबाट गुज्रिराखेका छौं । ठुल्ठुला क्रान्ति र परिवर्तनपश्चात् नेपाली जनताले राजनीतिक हिसाबले जुन अधिकार प्राप्त गरिराखेका छन् । त्यसलाई हामीले संस्थागत गर्ने र देश निर्माणको दिशातर्फ अगाडि बढ्ने साझा राजनीतिक सङ्कल्प सबै राजनीतिक पार्टीहरूको बिचको एउटा साझा राजनीतिक सङ्कल्पको, समझदारीको र सहमतिको आवश्यकता अझै पनि सकिइसकेको छैन । चुनावको पहिला देशको परिस्थिति जनताको अपेक्षाको सबैलाई हेर्दाखेरि चाहिँ हामी विभाजित र विवादित भएर अगाडि बढ्न सक्दैनौं र राष्ट्र अगाडि बढ्न सक्दैन । हामी एउटा सङ्कल्प गर्न जरुरी छ विशेष गरेर यो शान्ति प्रक्रिया । तत्कालीन माओवादी विद्रोही सात दलको बिचमा १२ बुँदे सहमति हुँदै हामीले राज्य परिवर्तन गरेका छौं । २४० वर्ष पुरानो एकीकृत, केन्द्रीकृत, सामन्ती राजतन्त्रको अन्त्य गरेर संघीय लोकतान्त्रिक, गणतन्त्र, समावेशी र अझ हामीले राखेको उद्देश्य भनेको देशलाई समाजवाद अथवा समानताको, गरिबी अन्त्यको, विभेदको अन्त्यको चाहिँ समाजको जसरी परिकल्पना गरेर संविधान निर्माण गरिराखेका छौं यो शान्ति प्रक्रिया नटुङ्ग्याउने हो भने देश अझै पनि द्वन्द्वको भुमरीबाट बाहिर निस्किन सक्दैन । यो हामी सबैको जिम्मेवारीको कुरा हो चाहे सत्तापक्ष या प्रतिपक्ष यो सबैको दायित्व भित्र पर्दछ र यसमा हामी एकताबद्ध भएर अगाडि बढ्नुपर्छ । नेपाली जनतामा एउटा आशा थियो । अहिले त्यो आशा विस्तारै चाहिँ निराशामा बदलिँदै गइराखेको छ । हामीले जे अपेक्षा राखेका थियौं नेपाली जनताले जे अपेक्षा राखेका थिए जे आशा विश्वास र भरोसा राखेका थिए राजनीतिक दलहरूप्रति, पार्टीहरूप्रति र सरकार राज्यप्रति आज त्यो विस्तारै विश्रृङ्खलित हुँदै गइराखेको छ । एउटा अविश्वासमा बदलिँदै गइराखेको छ र युवा साथीहरू पढे लेखेका युवा साथीहरू पनि र श्रम गर्न सक्ने भौतिक रूपमा चाहिँ ऊर्जा बोकेका युवा साथीहरू पनि देशलाई सराप्दै सराप्दै विदेश पलायन भइराखेका छन् । त्यो हाम्रो लागि राष्ट्र निर्माणको, लागि परिवर्तनलाई संस्थागत गर्नको लागि राजनीतिक स्थायित्वको लागि अझ यो सरकारले जे परिकल्पना गरिराखेको छ सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धि भनेर जे परिकल्पना गरिराखेको छ जे सोच राखिराखेको छ । यो सबै राजनीतिक पार्टीको सोच पनि हो । यसको लागि एउटा चुनौती बनेर खडा भइराखेको छ एकातिर । अर्कोतिर आर्थिक हिसाबले देश कमजोर अवस्थातर्फ केही सुधार छ । अहिले सरकारले जे कदम उठाएको छ । सुशासनको क्षेत्रमा विकास निर्माणका कामको क्षेत्रमा आर्थिक परिचालन र त्यसको गतिविधिको क्षेत्रमा जे कदम उठाएको छ । केही आशातीत अवस्था देखिन्छ । तर पूर्ण रूपमा चाहिँ एउटा भरोसा जुन निजी क्षेत्र छ उद्यम गरिराखेको वर्ग छ । रोजगारीको क्षेत्रमा काम गरिराखेको वर्ग छ । निर्माणको क्षेत्रमा काम गरिराखेको वर्ग छ । त्यो वर्ग अझै पनि ढुक्क भएर अगाडि बढ्न सक्ने राज्यप्रति विश्वास गरेर अगाडि बढ्न सक्ने । राजनीतिक दल, पार्टी र सरकारहरूप्रति विश्वास

गरेर अगाडि बढ्न सक्ने अझै पनि त्यो वातावरण बनिराखेको छैन । त्यो वातावरण निर्माण गर्न जरुरी छ । त्यो वातावरण निजी क्षेत्रलाई विश्वासमा लिएर राज्य, निजी क्षेत्र र सबै मिलेर अगाडि बढ्ने कुरामा उनीहरूलाई विश्वासमा लिन सकेनौं भने फेरि त्यो चुनौती क्रमशः बढ्छ बढ्दै जाने मैले अनुभूत पनि गरिराखेको छु । मैले यी विषयहरूमा यति राख्दै ।

अब सरकारले यो फेरि बजेट अधिवेशन पनि हो । बजेट अधिवेशन भनिसकेपछि नीति कार्यक्रमको कुरा हुन्छ । बजेटको कुरा हुन्छ । अब आउने नीति, कार्यक्रम र बजेट चाहिँ विशेष गरेर मेरो सुझाव र निवेदन के छ भने शिक्षा र स्वास्थ्यलाई हामीले निःशुल्क बनाउनुपर्छ । यो संविधानमा हामीले मौलिक अधिकारमा यो मान्यतालाई स्थापित गरेका छौं । र यो सबै पार्टीहरूको साझा कुरा पनि हो ।

अर्को कुराः कृषि क्षेत्रलाई हामी आत्मनिर्भर कसरी बनाउन सक्छौं? चुनौती त छ । जमिनहरू टुक्रा भइराखेका छन् । युवाहरू विदेश पलायन भइराखेका छन् । गाउँमा बुढापाका मात्रै छन् । यो स्थितिमा हामीले कृषिलाई आत्मनिर्भरतातर्फ कसरी अगाडि बढाउन सक्छौं । यो सोचनीय कुरा छ । र हामीले गम्भीर रूपमा छलफल गर्नु जरुरी छ ।

अर्को कुरा नेपालकै सन्दर्भमा आउँदाखेरि चाहिँ पर्यटक प्राकृतिक हिसाबले, धार्मिक हिसाबले, सांस्कृतिक हिसाबले यसको सुन्दरता यति राम्रो छ र विश्वमै हाम्रो देश असाध्यै राम्रो देशको रूपमा स्थापित छ । यसलाई कसरी चाहिँ पुँजीकृत गर्न सक्छौं? यस्ता क्षेत्रमा हामीले पूर्वाधारमा लगानी गर्ने पर्यटकलाई दिन पर्ने सेवा सुविधा र अरू वातावरणको लागि चाहिँ हामीले लगानी गर्नुपर्ने हिसाबले चाहिँ जानुपर्छ भन्ने अर्को सुझाव म दिन चाहन्छु ।

अर्को मेरो आफ्नो सुझाव के छ भने हामी पावरको व्यापार गर्न सक्छौं, विद्युत् व्यापार, सरकारले भारतसँग चाहिँ १० हजार मेगावाट विद्युत् बेच्ने १० वर्षभित्र भनेर चाहिँ जसरी सम्झौता गरेर अगाडि बढिराखेको छ । बङ्गलादेश अरू देशहरूसहित हामीले यसलाई व्यवस्थित गर्न सक्यौं भने वास्तवमा हामी हाम्रो राष्ट्रलाई समृद्धशाली राष्ट्रको रूपमा चाहिँ संसारमा स्थापित गर्न सक्छौं । त्यो सम्भावना प्रकृतिले हामीलाई दिएको छ । मुख्य कुरा चाहिँ हाम्रो व्यवस्थापकीय कमजोरीको कारणले गर्दाखेरि, राजनीतिक अस्थिरताको कारणले गर्दाखेरि, राजनीतिक पार्टीहरू भित्र भएको चाहिँ आपसी खिचातानी विरोध र विरोधाभासको कारणले गर्दाखेरि यी समस्याहरु आइराखेका छन् । र यसलाई हामीले हल गर्दै जानुपर्दछ भन्ने मलाई लाग्दछ । अर्को सोह्रौं पञ्चवर्षीय योजनाको तयारी पनि एउटा प्रस्तावको रुपमा र अरु समितिका सभापति सहित प्रधानमन्त्री सन्बन्धित राष्ट्रिय योजना आयोग र सबै निकायहरू चाहिँ बसेको बुझिराखेको र हामीले पनि त्यो बुझ्दाखेरि यसले राखेको सोच असाध्यै राम्रो लाग्यो ।

सुशासन कायम गर्ने सामाजिक न्यायलाई स्थापित गर्ने र आर्थिक हिसाबले चाहिँ यो देशलाई समृद्धशाली देशको रुपमा चाहिँ स्थापित गर्ने भनेर जसरी लागिराखेको छ । यसलाई पनि योजना बनाउँदाखेरि एउटा लक्ष्य राख्दाखेरि चाहिँ हाम्रो देशको माटो, यहाँको जनशक्ति, यहाँको चाहिँ सबै खालका प्राकृतिक स्रोत साधनहरूलाई समुचित ढङ्गले व्यवस्थापन गर्ने त्यसलाई परिचालन गर्ने र राष्ट्रलाई समृद्ध बनाउने एउटा लक्ष्य राखेर जानुपर्दछ भन्ने विषय पनि म राख्न चाहन्छु सम्पन्न गर्न जरुरी छ ।

म यसमा एक दुईटा कुरा राष्ट्रिय गौरवको आयोजनाहरू हामीले समयमै सम्पन्न गर्न जरुरी छ । बीसौं, तीसौं वर्षसम्म राष्ट्रिय गौरवका आयोजनाहरू सम्पन्न नहुँदाखेरि त्यसको लागत बढिराखेको छ । त्यसको लाभ, प्रतिफल जनताले पाइराखेका छैनन् । अनि राज्यले एउटा भार वेहोर्नुपर्ने स्थिति छ । त्यसलाई हामीले अन्त्य गर्नुपर्छ, अघि माननीयज्यूले पनि राख्नुभएको छ यो कुरामा मेरो आफ्नो पनि समर्थन रहेको छ । र कतिपय रूपान्तरणकारी आयोजनाहरु, जसले राष्ट्रको जीवनमा परिवर्तन गर्ने र बहुसंख्यक जनतालाई चाहिँ लाभ पाउने खालका रूपान्तरणकारी आयोजनाहरूलाई चाहिँ focus गरेर जानुपर्छ भन्ने म यता यति राख्न चाहन्छु र अब मैले अलिकति म कोशी प्रदेशबाट प्रतिनिधित्व गर्ने एउटा सांसदको हिसाबले चाहिँ पूर्वाञ्चल विश्वविद्यालयमा हामीले मेडिकल कलेज र हस्पिटलको कुरा गरिराखेका छौं । त्यो सपना अझै पनि पूरा भएको छैन । म ६४ सालमा संविधानसभामा आएदेखिको चाहिँ त्यो आवाज उठाउँदै उठाउँदै आइराखेको छु । यो चोटि चाहिँ सरकारको ध्यान जानुपर्दछ र यसलाई अब आउने योजनामा बजेटमा समावेश गरेर चाहिँ जानुपर्छ भन्ने अर्को विषय राख्न चाहन्छु । त्यसैगरी अहिले रुग्ण उद्योगहरू सञ्चालनमा ल्याउने भनेर सरकारले निर्णय गरेको छ । र हेटौंडा कपडा उद्योग सेनालाई चाहिँ दिने निर्णय गरेको छ । अरु थुप्रै उद्योगहरू पूर्वमा जाँदाखेरि विराटनगरको चाहिँ जुट मिल, विराटनगरको चाहिँ सुगर मिल लगायतका अरु देशैभरि भएका रुग्ण उद्योगहरू चाहिँ सञ्चालनमा ल्याउने र रोजगारी सृष्टि गर्ने र राष्ट्रिय पूँजी प्रवर्द्धन गर्ने, राष्ट्रिय पूँजीको चाहिँ वृद्धि गर्ने काममा सरकारले चाहिँ decision चाहिँ सरकारले लिनुपर्छ र क्रमशः लिँदै जान्छ भन्ने एउटा विश्वास पनि यो अस्तिको निर्णय पछि मलाई चाहिँ पैदा भइराखेको छ । त्यसैगरी राष्ट्रिय गौरवको आयोजना भनिएको छ । पूर्व-पश्चिम विद्युतीय रेल जग्गाको मुआब्जा दिन सकिराखेको छैन, जग्गा रोकुवा राखिराखेको छ । त्यो ठुलो volume चाहिँ लगानी छ ।

राज्यले चाहिँ अहिले गर्न सकिदैन भने किसानका जग्गा फिर्ता दिने हो कि । अथवा मुआब्जा दिएर चाहिँ जग्गा चाहिँ खरिद गरेर राख्ने हो कि? पछि सम्भावना हुँदाखेरि, राज्य सबल हुँदाखेरि, राज्यसँग पूँजी हुँदाखेरि, स्रोतसाधन हुँदाखेरि त्यसलाई सम्पन्न गर्नेगरी जाने हो भन्ने

मलाई लाग्दछ । र त्यो  किसानको अनावश्यक जग्गा चाहिँ रोकुवा राखेर चाहिँ, रोकुवा नराखु भन्ने म निवेदन पनि गर्न चाहन्छु । त्यसैले अलिकति हामीले ध्यानदिनुपर्ने पूर्व-पश्चिम highway को हिसावले एउटा हुलाकी मार्गको हिसावले, दोस्रो छ मदन भण्डारी लोकमार्गको हिसावले, तेस्रो चुवाभन्ज्याङदेखि चाहिँ केरे त्यो मध्यपहाडी झुलाघाटसम्मको चाहिँ मध्यपहाडी छ । यो चारवटा चाहिँ केरे पूर्वपश्चिम राजमार्गले चाहिँ देशलाई जोडिराखेको छ, पूर्व- पश्चिम जोड्ने काम गरेको छ । यसले लागत बढेको छ, त्यो मध्यपहाडीमा तर हामीले जे प्रतिफल लिनुपर्ने हो ।

अहिले मान्छेहरुले चाहिँ पलायन भइराखेका छन् । पूर्वाधार पुगेको छ, बाटो पुगेको छ, बिजुली पुगेको छ, खानेपानी पुगेको, विद्यालयहरू छन् । सबै सुविधा छ तर मान्छे छैन गाउँमा । हिजो ती सुविधाहरु थिएनन् तर मान्छेहरु गाउँमै थिए । अब हामीले गाउँमा मान्छेलाई कसरी रोक्न सकिन्छ भन्ने हिसाबले चाहिँ हामीले उत्तर दक्षिण करिडोरलाई व्यवस्थित गर्ने र हिमालदेखि चाहिँ मधेशसम्मको चाहिँ कनेक्टिभिटीलाई मधेसका जनतालाई हिमालसम्म पुऱ्याउने र हिमालका उत्पादनलाई चाहिँ मधेससम्म लाने या चीन र चाहिँ  भारतसँग जोड्ने हिसावले व्यापार एउटा लाइनको हिसावले मिलाउने व्यापार, trade  मार्गको रुपमा त्यसालाई व्यवस्थित गर्ने लानुपर्छ भन्ने मैले निवेदन गर्न चाहन्छु । मेरो यो सुझाव रहेको छ । म यो पन्ध्रौं अधिवेशन, विधान अधिवेशन पनि भएको कारणले गर्दाखेरि अब विधि निर्माणको हिसाबले रोकिएका कानुनहरु बनाउनको निम्ति सरकार तदारुकता देखाउनु पर्दछ र मेरो  र सरकारले यो काममा चाहिँ ध्यान दिएर चाहिँ अगाडि बढ्नुपर्दछ भन्ने विषय र निवेदन गर्दै मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । र अन्त्य गर्नुभन्दा अगाडि यो असमानताको विरुद्धको चाहिँ समानताको र न्यायको लडाई भएको हुनाले यो लडाइ जारी रहन्छ भने भनाइ राख्दै, मेरो भनाइ अन्त्य गर्न चाहन्छु । हवस् त धन्यवाद।

(१४:३८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन् । अब म उक्त पत्रहरूको बेहोरा क्रमशः जानकारी गराउँछु ।

१. माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद अस्ट्रेलियामा आयोजना हुने Indian Ocean Conference को सातौं संस्करणमा सहभागी हुन तथा न्युजिल्यान्डका परराष्ट्र मन्त्रीसँग द्विपक्षीय भेटघाटको लागि सम्वत् २०८० साल माघ २४ गते अस्ट्रेलियातर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार

सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थमन्त्री डाक्टर प्रकाशशरण महतले सम्हाल्ने गरी तोक्नुभएको को बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल
(मुख्य सचिव)
२०८०/१०/२४

२. माननीय युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बु भारतको नयाँ दिल्लीमा आयोजना हुने "BIMSTEC Aquatic Championship 2024" विषय कार्यक्रममा सहभागी हुन सम्वत् २०८० साल माघ २३ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको युवा तथा खेलकुद मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय सहरी विकास मन्त्री सीता गुरुङले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

बैकुण्ठ अर्याल
(मुख्य सचिव)
२०८०/१०/२४

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई प्रतिनिधि सभाले पारित गरी सन्देशसहित राष्ट्रिय सभामा पठाएको “सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९” का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभासमक्ष टेबुल गर्न अनुमति दिन्छु ।

(१४:४० बजे) **राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याल**:- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट सन्देशसहित राष्ट्रिय सभामा पठाइएको “सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९” का सम्बन्धमा प्रतिनिधि सभाबाट देहायबमोजिमको सन्देश प्राप्त हुन आएको छ ।

श्री सचिव,

राष्ट्रिय सभा,

विषयः सन्देशसहित विधेयक पठाइएको ।

प्रतिनिधि सभामा उत्पति भएको “सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९” संवत्

२०८० साल माघ २४ गते बुधवार बसेको प्रतिनिधि सभाको बैठकले कानुन, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन संशोधनसहित पारित गरेकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १२७ बमोजिम सन्देशसहित उक्त विधेयक पठाइएको बेहोरा अनुरोध गर्दछु ।

पद्म प्रसाद पाण्डेय

महासचिव

२०८०/१०/२५

अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२४ को उपनियम (१) बमोजिम उक्त सन्देश यस सम्मानित सभासमक्ष टेबुल गर्दछु । धन्यवाद ।

**(१४:४१ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, आजको कार्यसूचीको क्रम सङ्ख्या ३ मा रहेका विषयहरू कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल माघ २९ गते सोमवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल माघ २९ गते गते सोमवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १४:४२ बजे ।**